

# भाग पाँच

# आजको अष्ट्रेलिया

# आजको अष्ट्रेलिया

यो खण्डमा तपाईं अष्ट्रेलियाको संस्कृति, अग्रजहरू र राष्ट्रिय पहिचानको बारेमा जान्न सक्नु हुने छ । अष्ट्रेलियालाई एउटा गतिशील व्यवसाय र व्यापार साझेदार र सम्माननीय विश्वव्यापी नागरिकको रूपमा लिइन्छ। अष्ट्रेलियालीहरू नयाँ आप्रवासीहरूले देशको निरन्तर विकास र सुधारमा गरेको योगदानको कदर गर्छन् ।

## भूमि

अष्ट्रेलिया विश्वको सबैमध्ये एक पुरानो भूमिपिण्ड हो। यो विश्वको छैठौं ठूलो देश र संसारको सबैभन्दा ठूलो टापू देश हो । त्यस्तै, अष्ट्रेलिया सबैभन्दा समथर र सुख्खा आवाद जमिन पनि हो । अष्ट्रेलियाको माटो त्यती राम्रो छैन र यहाँ पानी पनि धेर पर्दैन । अत: यहाँ कृषि कर्म गर्न मुस्किल हुन्छ । भित्री सुक्खा जमिनलाई 'आउटब्याक' 'the outback' भनिन्छ। यी क्षेत्रहरू दूर्गम र वातावरणीय रूपमा जटिल पनि छन् । अष्ट्रेलियामा जलश्रोत निकै महत्वपूर्ण श्रोत हो ।

ठूलो देश भएकाले अष्ट्रेलियको मौसम विविधतापूर्ण छ । अष्ट्रेलियाको उत्तरी भागमा उष्ण क्षेत्र र मध्य भागमा मरूभूमि छ। दक्षिणी भागमा, जाडोमा पहाडी भागमा हिउँ पर्दछ भने गर्मीमा तातो हावा बहन्छ।

छ राज्य र दुई मुख्य भूमि प्रदेशको अलवा अष्ट्रेलियाको सरकारले निम्न क्षेत्रमा पनि शासन गर्छ:

- आशमोर र कार्टर आईयाण्ड
- क्रिशमस आईसल्याण्ड
- कोकोज (किलिङ्ग) आइल्याण्ड
- जार्भिस बे टेरिटोरी
- कोरल सि आइल्याण्ड
- अष्ट्रेलियाली एन्ट्राटिक भूभागमा पर्ने हर्ड हाइल्याण्ड र म्याकडोनाल्ड आइल्याण्ड
- नरफोक आइल्याण्ड ।

## विश्व सम्पदा सूची

निम्न अष्ट्रेलियाली स्थानहरूलाई United Nations Educational, Scientific and Cultural Organization (UNESCO) को विश्व सम्पदा सूचीमा राखिएको छ ।

### सांस्कृतिक

- अष्ट्रेलियाली कनभिक्ट स्थलहरू
- बुड्ज बिम कल्चरल ल्याण्डस्केप (Budj Bim Cultural Landscape)
- मेलवर्नमा रहेका रोयल एक्जिबिसन बिल्डिङ र कार्लटोन गार्डेनहरू
- सिड्नी अपेरा हाउस



सिड्नी अपेरा हाउस

## प्राकृतिक

- अष्ट्रेलियाको पुरातात्विक पशुपक्षीको भूभाग साउथ अष्ट्रेलिया र क्वीन्सल्याण्ड (रिभरस्ले/नाराकोट)
- K'Gari (पहिले फ्रेजर द्वीप)
- अष्ट्रेलियाको गोन्डावान वर्षावन
- ग्रेट बेरियर रिफ
- ग्रेटर ब्लु माउन्टेन क्षेत्र
- हर्ड र म्याकडोनाल्ड आइल्याण्ड
- लर्ड हावे टापू समूह
- म्याक्वारी आइल्याण्ड
- नन्गालो तट
- पुर्नुलुलु राष्ट्रिय निकुञ्ज
- सार्क बे, पश्चिमी अष्ट्रेलिया
- क्विन्सल्याण्डको ओसिलो ट्रापिक्स (Wet Tropics)

## मिश्रित

- काकाडु राष्ट्रिय निकुञ्ज
- टास्मानियन वन क्षेत्र
- उलुरु काटा ज्युटा राष्ट्रिय निकुञ्ज
- विलान्ड्रा ताल क्षेत्र।




ाष्ट्रिय निकुञ्जको आयर्स रकको फेदमा छालले बनाएको चट्टानी स्वरूप

माथि उल्लिखित पश्चिमी सम्पदा र प्राकृतिक आश्चर्यका अतिरिक्त यो देशमा आदिवासी तथा टोरेस स्ट्रेट आइल्याण्डवासीहरूका हजारौँ महत्वपूर्ण तीर्थस्थलहरू छन्। यी स्थलहरू पनि अष्ट्रेलियाली संस्कृतिको महत्वपूर्ण भाग हुन्। यी स्थलहरू सबै अष्ट्रेलियालीहरूका लागि महत्वपूर्ण छन्। तीर्थस्थलहरू प्राचीय व्यक्तिहरूको कथाहरू जोडिएका हुन्छन्। यी स्थलले कसरी विशाल भूमि सृजना भयो, कसरी सांस्कृतिक मूल्य मान्यताहरू, सम्बन्ध र सामाजिक व्यवस्था कायम गरियो भन्ने बारेमा कथा भन्छन्।

# एक विशाल देश

आदिवासी र टोरेस स्ट्रैट आइल्याण्डर जनताहरू भूमिसँग अन्योन्याश्रित भएर जोडिएका हुन्छन्। उनीहरू आफ्ना छिमेकीसँग सम्बन्धलाई महत्व दिन्छ र साथी भाइ भेट्न लामो यात्रा गर्छन्। आदिवासी तथा टोरेस स्ट्रेट आइल्याण्डरहरूका गीतले परम्परागत कानुन, इतिहास र संस्कृति र भूगोलको सम्बन्धको कथाहरू बताउँछन्। यी गीतहरूले अष्ट्रेलियाभरिका विभिन्न सांस्कृतिक र भाषिक समूहको प्रतिनिधित्व गर्छन्। यो संस्कृति तथा परम्परा हजारौँ वर्षदेखि चलिआएको छ।

अष्ट्रेलियाको धेरै स्थानमा विद्यालय, स्वास्थ्य सेवा र पसलजस्ता कुराहरूको सुविधा छैन तर अरू अष्ट्रेलियालीलाई यो कुराको जानकारी छैन। ह्रामी दुर्गममा बस्ने जनताहरूलाई सहयोग गर्न सहकार्य गर्छौं। चर्चित अष्ट्रेलियालीहरूले आफ्नो ज्ञान र आविश्कारले दुर्गम क्षेत्रको समस्या समधान गर्न मद्दत गरेका छन्।



तास्मानियन वन क्षेत्र



## पाइडलबाट चल्ने रेडियो

सन् 1929, ऐडिलेडका अफ्ररेड ट्रेगरले पहिलो पेडलबाट चल्ने रेडियोको आविष्कार गरे। मानिसहरूले खुट्टाले पेडल चलाएर दुई तर्फी रेडियो सुन्न सक्दथे। घरमा एक्लै बस्नेहरू, दर्गम मिसन स्टेशन र आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डका समुदायहरू यस आविष्कारबाट लाभान्वित भए। पेडल रेडियोले दुई महत्वपूर्ण अष्ट्रेलियन संस्थाहरू रोयल फ्लाईङगस् डाक्टर र स्कूल अफ दि एअर स्थापना गर्न सहयोग गरेको थियो।

## दि रोयल फ्लाईङग डाक्टर सर्भिस

रिभ्रन्ड जोन फ्लिन दूर्गम समुदायका मानिसहरूसंग काम गर्दै वसेका थिए। उहाँले डक्टरलाई आउटब्याकमा जतिसक्दो चाँडो हवाई साधनको माध्यमद्वारा ल्याउने उपाय सुझाउनु भयो । यो काम गर्न उहाँले सरकार, क्वान्टास (Qantas) एअरलाईन्स र चन्दाबाट सहयोग पाउनुभयो। रोयल फ्लाईङग डाक्टर सर्भिस सन् 1928 देखि प्रारम्भ भएको हो, तर आजसम्म पनि दूर्गम स्थानमा मानिसहरूले यो सेवा अझै पाउन सकेका छैनन्। पेडल रेडियोको शुरूवातले धेरै पृथक भएका मानिसहरूले डक्टरलाई जतिसक्दो चाँडो बोलाउन सक्थे।

## स्कुल अफ एअर

सन् 1950 सम्म पनि, पृथकस क्षेत्रमा बसेका बालबालिकाहरूले पढ्नका लागि आवासिय विद्यालयमा पढ्नु पर्थ्यो वा पत्राचारबाट पुरा गर्नु पर्थ्यो। एडिलेड मैईथके, रोयल फ्लाईङग डाक्टर सर्भिस को उपाध्यक्षले ल्फाईङग डक्टर सेवाबाट बालबलिका हरूले घरमै बसेर पनि शिक्षकसंग कुरागर्न सक्ने महसुस गरे। ऐलाईस स्प्रीङ्गस सर्भिस ले दुई तर्फी पाठ गर्न सन् 1948 बाट शुरू भएको थियो। केहि बर्ष पछि स्कुल अफ एअर औपचारिक रूपमा स्थापना भयो। अष्ट्रेलिया कै अनुभवको आधारमा अरू थुप्रै देशहरूले यस्तै खाले कार्यक्रम चलाएका छन् ।

पुरानो पेडल रेडियो अहिले उच्च फ्रिक्केन्सीको सेवाहरूले प्रतिस्थापित भयो । अहिले आएर यसको ठाउँमा इन्टरनेट आएको छ । रोयल फ्लाईङग डाक्टर सर्भिस र स्कुल अफ एअरले सेवा लगातार नै गरे र अष्ट्रेलियाको दूर्गम समुदायका मानिसहरू लाभान्वित भए।

# अष्ट्रेलियाको पहिचान

अष्ट्रेलियाको पहिचान आदिवासी सम्पदा र संस्कृति, हाम्रो बेलायती आधार, मानिसहरू बीचको विविधता, हाम्रो इतिहास, हाम्रो दैनिक जीवन निर्देशित गर्ने मूल्य मान्यता, हाम्रो जीवन शैली र हाम्रा प्यारा अष्ट्रेलियाली नागरिकहरूले बनाएको हो ।

*भाग 6 - हाम्रो अष्ट्रेलियाको कथा* ले हाम्रो इतिहासको बारेमा जानकारी दिन्छ । यसले अष्ट्रेलियाको औपनिवेशिक विगत र आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डका मान्छेहरूको विगतको र अहिलेको परिस्थितिसम्बन्धी विषयमा जानकारी दिन्छ । यसले अष्ट्रेलियाको विविधतापूर्ण, वहुसांस्कृतिक समाजको उत्पति र प्रकृति तथा हामीले लडेका युद्ध जस्ता चुनौतीहरूको बारेमा पनि जानकारी दिन्छ ।

यो अध्ययको बाँकी भागमा हाम्रो जीवन शैली र हामीले मन पराउने मान्छेको बारेमा जानकारी दिइएको छ ।

## खेलकुद तथा मनोरञ्जन

धेरै अष्ट्रेलियनहरूले खेलकूद मन पराउँदछन् र धेरै अष्ट्रेलियाली खेलाडीहरू अन्तर्राष्ट्रिय तहमा प्रभावकारी नतिजा हासिल गरेका छन्।

हाम्रो इतिहास भर अष्ट्रेलियन मानिसहरूलाई खेलकुदले एकिकृत गरेको छ। प्रारम्भमा बस्ति बसाल्नेहरूको समय देखि नै खेलकुदले मानिसहरूलाघ कठिन बास्तविकताको यथार्थबाट परै राखेको छ। लडाईंको बेलामा पनि अष्ट्रेलियान सुरक्षाकर्मीहरू रणभूमिको थकान मेट्न खेलकुद प्रतियोगिताको आयोजना गर्दथे।

खेलकुदले साझा चौर जहाँ खेलाडी र दर्शकहरूलाई केहि महत्वपूर्ण विषयमा आफू समेत सरिक एक पात्र बनेको महशुस गराउँछ जुन अष्ट्रेलियान समाजमा अति महत्वपूर्ण छ। आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डरहरू सबैभन्दा सफल खेलाडी भएका छन् ।

धेरै अष्ट्रेलियालीहरू क्रिकेट, बास्केटबल, नेटबल र हकी जस्ता समूहमा खलिने खेल खेल्छन् । फुटबल वा सकर, रग्वी लिग, रग्वि यूनियन र अष्ट्रेलियन रूल फुटबल ('Aussie Rules') अष्ट्रेलियामा खेलिने र हेरिने लोकप्रिय खेलहरू हुन् । पौडी, टेनिस, एथलेटिक्स, गल्फ, साइक्लिङ, बुसवाकिङ, सर्फिङ र स्किइङ पनि लोकप्रिय मनोरञ्जनतात्मक खेलहरू हुन् ।

अष्ट्रेलिया विषेश गरेर क्रिकेट खेलको सफलतामा अन्तरर्राष्ट्रिय जगतमा नै गौरव गर्दछ। 19 औं शताब्दी देखि नै अष्ट्रेलिया र अंग्रेज क्रिकेट टिमबीच गहन प्रतिस्पर्धा हुँदै आएको छ।

मेलवर्न कप, 'एउटा दौड जसमा देश नै स्तम्भ बन्दछ (the race that stops the nation) संसारको सबैभन्दा ठूलो मध्येको घोडा दौड हो । प्रथम मेलवर्न कप सन् 1861 मा भएको थियो। मेलवर्न कम नोभेम्बरको पहिलो मंगलबार हुन्छ । सन 1877 देखि यो दिन भिक्टोरियामा बिदा हुने गरेको छ ।

### Sir Donald Bradman (सन् 1908-2001)



सर डोनाल्ड ब्राडमन अष्ट्रेलियाको खेलजगतका प्रतिमा, अहिले सम्ममा सबैभन्दा राम्रो क्रिकेट ब्याटस्म्यान हुनुहुन्थ्यो । न्यू साउथ वेल्सको बोरलमा हुर्किनु भएको डोनाल्ड ब्राडमनले उहाँको पहिलो क्रिकेट खेल सन् 1928 मा खेल्नु भएको थियो।

उहाँको खुट्टा भने अदभुत रूपमा छिटो थियो। उहाँको इंगल्याण्डको पहिलो भ्रमण सन् 1930 मा भएको थियो, जसमा उहाँले सबैजसो ब्याटिङ्ग रेकर्ड कटाएका थिए। 21 बर्षकै उमेरमा उहाँ अष्ट्रेलियाको प्रतिमा बनिसक्नुभएको थियो। उहाँको अन्तिम भ्रमण सन् 1948 मा, उनिहरूको टिमले इंगल्याण्ड संगको खेलमा एउटा पनि खेलमा पराजित नहुनु परेकोले उहाँको टिमलाई दि ईन्भिसिबलको नामले चिनिन्थ्यो।

## कला

अष्ट्रेलियासँग रुमानी कालाकारिता छ । यो कलाकारितामा आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डरहरूको सांस्कृतिक धरोहर पनि समावेश हुन्छ । सिनेमा, नाटक, संगीत र नृत्यमा आवद्ध अष्ट्रेलियाली रङ्गकर्मी तथा कलाकारहरू अष्ट्रेलिया र विश्व मै चर्चित छन् ।

### साहित्य

अष्ट्रेलियनहरूको बलियो साहित्य परम्परा रहदै आएको छ । आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डरहरू कथा बाचनबाट सुरु भएको यो परम्परालाई 18 औं शताब्दी को अन्तिमतिर आइपुगेका कैदीहरूको मौखिक कथाले अघि बढायो ।

प्रायजसो अष्ट्रेलियाको लेख बुसको बारेमा छ र कठिन वातावरणमा जीवनको शंघर्सको बारेमा छ। बुस र अष्ट्रेलियन जीवन शैलीको बारेमा हेनरी लसन र माईल्स फ्रयाङकलिनले लेखेको कथा कविताहरू लेखेका छन्।

सन् 1973 मा अष्ट्रेलियाको उपन्यासकार प्याट्रिक व्हाईटस्ले साहित्यमा नोबेल पुरस्कार प्राप्त गरेका छन्। अन्य प्रख्यात आधूनिक अष्ट्रेलियाली लेखकमा पिटर केरी, कोलिन म्याकुल्ह, स्याली मोर्गान, टिम विन्सटोन, टिम विन्टन, टोम केनेली र ब्रुस कोर्टने पर्छन् ।

#### Judith Wright (सन् 1915-2000)

जुडिथ राईट प्रख्यात कवि, हुनुहुन्थ्यो, संरक्षक र आवासी हरूको हकाधिकारको आन्दोलक हुनुहुन्थ्यो। उहाँको कवितामा अष्ट्रेलिया र यहाँका मानिसहरू प्रतिको माया व्यक्त भएको हुन्थ्यो। उनले साहित्यका लागि ईन्साईक्लोपिडिया ब्रिटानियार कविताकोलागि क्विन्स गोल्ड मेडल लगायत धेरै पुरस्कारद्वारा विभूषित भएका थिए। उहाँ अष्ट्रेलियन संरक्षण समिति र अवोरिजिनल सम्झौता समितिको सदस्य पनि हुनुहुन्थ्यो।

जुडिथ राईट उहाँको काव्य दक्षता र अष्ट्रेलियन साहित्यको उत्थान र सामाजिक र वातावरणीय परिवर्तनका लागि संम्झन्छौं।



### नाचघर र चलचित्र

अष्ट्रेलियाली नाटक, चलचित्र र चलचित्र निर्माताहरू अष्ट्रेलिया र संसर मै चर्चित छन् । केट ब्लेन्सेट र जोफरी रस, निकोल किडम्यान र ह्ज ज्याकम्यान र चलचित्र निर्माताहरू जस्तै पिटर वियर र ब्या लुहरम्यान जस्ता अष्ट्रेलियन कलाकारहरूले ख्यातीको लागि धेरै अन्तराष्ट्रिय पुरस्कारहरू जितेका छन्।

### भिजुअल आर्ट

सबैभन्दा प्रख्यात अष्ट्रेलियन कला कृतिहरूमा चित्रकारहरू जस्तै टम रोवर्ट, फेडरिक मक्बिन र आर्थर स्ट्रिटटनहरूको कृति आवासीहरूको पहिचानात्मक चित्रकला र 19 औं शताब्दीका सौंन्दर्यात्मक चित्रहरू पर्दछन्। 20 औं शताब्दीको मध्यतिर, चित्रकार रसल ड्राईडेल र सीड्नी नोलान ठूला ठूला आउटब्याकका व्यकुलताको वर्णन गरिएको चित्रकला बनाए। हालसालै, ब्रेट खिट्लीले उनको अपूर्व र सजीव तरीकाको लागि अन्तर्राष्ट्रिय जय जयकार हासिल गरे। अल्बर्ट नामाटजिरा, इमिली केम क्नेवारेये, ग्लोरिया पेटयारे, रोभर थोमस र क्लिफोर्ड पोसुम ज्यापाल्टज्यारी जस्ता कालाकारहरूले बनाएको आदिवासी कला अष्ट्रेलिया र संसारभर चर्चित छ ।

## संगीत र नाच

हालको सबै भन्दा प्रख्यात आवाज डिडगेरिडो को हो, यो आदिवासीहरूको प्राचिन बाजा हो।

अष्ट्रेलियनहरूले सबै प्रकारका संगीतहरूमा पोख्त र दक्ष छन् र शास्त्रीय, काँठे र रक संगीत अन्तर्राष्ट्रिय स्तरमा ख्याती कमाएको छ।

चिर परिचित अष्ट्रेलियाली संगितिज्ञहरूमा केली मिनोग, जिमी बार्न, पल केली, ओलिभिया न्युटन जोन, जोन फर्नह्याम, निक केभ र आदिवासी कलाकारहरू आर्ची रोच, गुरुमुल र जसिक माउबोइ पर्छन् । AC/DC र INXS जस्ता अष्ट्रेलियाली ब्याण्डहरूका प्रशंसकहरू संसारभरि छन् ।

अष्ट्रेलियानहरूको नाच सर रोवर्ट हेल्पम्यान, मेरील टानकार्ड, स्टेफन पेज र ली कुनछिन् जस्ता व्यक्तिहरूको नचाई र व्यालेमा ठूलो योगदान पुर्याएकोले मौलाएको छ। बाङ्गारा आफ्नो पृथक नृत्य शैली, ध्वनि, संगीत र डिजाइनको लागि अष्ट्रेलिया र संसारभर प्रसिद्ध आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डरहरूको नृत्य कम्पनी हो ।

# वैज्ञानिक उपलब्धी र आविष्कार

अष्ट्रेलियनहरूको वैज्ञानिक उपलब्धीमामा बलियो रेकर्ड कायम छ र औषधी, प्रविधि, कृषि, खानी र उत्पादनका क्षेत्रमा पोख्त छन्।

औषधी र वैज्ञानिक आविष्कारमा धैरै अष्ट्रेलियनहरूले नोवेल पुरस्कार जितेका छन्।

वैज्ञानिक उपलब्धी हासिल गरेकाहरूले बर्षको अष्ट्रेलियन भन्ने पुरस्कार प्राप्त गरेका छन्। सन् 2005 मा, आगलागिका शिकार बनेकाहरूको लागि छालाको उपचारको स्प्रेको आविष्कार गरेकोमा प्राध्यापक फओना ऊडले यो पुरस्कार प्राप्त गरेका थिए। सन् 2006 मा, घाँटीको क्यान्सरको सुईको विकाश गरेबापत प्राध्यापक ईयन फ्रेजरलाई यो पुरस्कार दिइएको थियो। सन् 2007 मा प्रख्यात वातावरण वैज्ञानिक प्रध्यापक टिम फ्लानेरीलाई यो पुरस्कार दिएको थियो।

प्राध्यापक उड र प्राध्यापक फ्रेजर दुवैजना बेलायतबाट अष्ट्रेलिया बसाईं सरेर आएका हुन्। प्राध्यापक फ्रेजरको सह-आविष्कर डा जियान झ्, जो चीनबाट बसाईं सरेर आएका थिए र अष्ट्रेलियन नागरिक बनेका थिए।

### Dr Fiona Wood AM (जन्म 1958)

डा. उड अष्ट्रेलियाका मौलिक र सम्माननीय शल्य चिकित्सक वा शोधकर्ता मध्येको एक हुनुहुन्छ । अत्याधिक सिपालु प्लास्टिक सर्जन र पोलेको घाउसम्बन्धी विश्वको उत्कृष्ट विशेषज्ञको रूपमा रहनुभएकी वहाँ उहाँले पोलेको उपचारसम्बन्धी शोध र प्रविधि विकासमा अग्रणी भूमिका निर्वाह गर्नुभएको छ ।

सन 2002 मा भएको बाली बम विस्फोटका घाइतेलाई उहाँले गरेको सेवाको कदर गर्दै उहाँलाई 2003 मा Member of the Order of Australia ले विभुषित गरियो । सन 2005 उहाँलाई वर्षको अष्ट्रेलियालीको घोषणा गरेर पोलेको घाउको उपचारमा गर्नुभएको उहाँको योगदानको कदर गरियो ।



## प्राध्यापक फ्रेड होलोज् (सन् 1929- 1993)

एक फुर्तिलो नेत्र विशेषज्ञ (आँखाको डाक्टर) हुनुहुन्थ्यो, जसले अष्ट्रेलियामा र विकाशोन्मुख देशहरूमा दशौं लाख मानिसहरूको पुनरू आँखा देख्ने बनाउनमा मद्दत गरेका थिए। फ्रेड होलेज् न्यूजिल्याण्डमा जन्मनु भएको थियो। सन् 1965 मा अष्ट्रेलिया आउनुभयो र पछि सिड्नी अस्पतालको नेत्र विभागको प्रमुख बन्नु भइको थियो।

उहाँ सबै मानिसहरूमा समानताको कठोर विश्वास राख्ने हुनुहुन्थ्यो र उहाँले पहिले अवोरिजिनल मेडिकल सेन्टर खोल्नमा मद्दत गर्नु भएको थियो। हाल अष्ट्रेलिया भरमा यस्ता धेरै केन्द्रहरू छन्।

सन् 1980 सम्ममा, फ्रेड होलेज् विकाशोन्मुख देशहरूमा नेत्र स्वस्थ्य योजनाको लागि विश्वभर नै यात्रा गर्न शुरू गरिसक्नुभएको थियो। उहाँ सन् 1989 को एप्रिलमा अष्ट्रेलियन नागरिक बन्नु भएको थियो।

प्राध्यापक होलेज्को राम्रा कामहरू फाउण्डेसन (Fred Hollows Foundation) मार्फत चलिरहेको छ।



# वर्षका अष्ट्रेलियनहरू

सन् 1960 देखिए देशका विभिन्न क्षेत्रमा योगदान प्रयास गरेका अष्ट्रेलियनहरूको सम्मानमा वर्षको अष्ट्रेलियन पुरस्कार दिने गरिन्छ। पुरस्कारको लागि जसले पनि जीवनमा भेटेका कुनैपनि अष्ट्रेलियनलाई चुन्न सक्दछ।

मानिसहरू जसले आफ्नो काममा अत्यन्त राम्रो सफलता हासिल गर्दै देशलाई सेवा गरेको छ तिनिहरू वर्षको अष्ट्रेलियन हुनेगर्छन। उनीहरू हामीलाई अष्ट्रेलियालाई अझ राम्रो बनाउन योगदान दिन उत्प्रेरण र चुनौती दिने गर्छन् ।

यी पुरस्कारहरूमा बर्षको युवा अष्ट्रेलियन, बर्षको अष्ट्रेलियन र अष्ट्रेलियाको स्थानीय नायक पर्छन् ।

हाल र विगतमा यो पुरस्कार प्राप्त गर्नेहरूको सूची www.australianoftheyear.org.au मा दिइएको छ ।

## डा. जेम्स म्युके AM

**आँखाको शल्य चिकित्सक तथा अन्धता रोकथाम गर्ने अग्रिनी2020** को वर्षको अष्ट्रेलियाली

डा. म्युके Sight For All नामक सामाजिक संस्थाको सह-संस्थापक हुनुहुन्छ । यो संस्था शोध, शिक्षा, पूर्वाधार र सहकर्मीहरूलाई तालिम दिएर अन्धताको समस्या समाधान गर्ने प्रयास गर्छ ।

डा. म्युके अन्धता मानव अधिकारसम्बन्धी मुद्धा हो भन्ने कुरामा विश्वास गर्नु हुन्छ । उहाँ अन्धतारहित दुनियाँ सृजना गर्ने कार्य गर्दै हुनुहुन्छ ।



## Professor Michelle Simmons (जन्म: 1967)

**क्वान्टम फिजिक्सका प्रोफेसर अष्ट्रेलियाली**
**2018 का वर्षको अष्ट्रेलियाली**

सिमन्स एटोमिक इलोक्ट्रोनिक्स र क्वान्टम कम्प्युटिङ क्षेत्रका अग्रणी व्यक्तित्व हुनुहुन्छ । उहाँ कै शब्दमा "कम्प्युटरको युगको अन्तरिक्ष दौड" को अग्रभागमा रहेर प्रोफेसर सिमन्स हजारौं वर्ष लाग्ने समस्या एकै क्षणमा समाधान गर्ने क्वान्टम कम्प्युटर बनाउन चाहनुहुन्छ । यस्तो आविस्कारले औषधीको डिजाइन, मौसम पूर्वानुमान, आफैं चल्ने सवारी साधन र कृतिम ज्ञान र अन्य कुराहरूमा क्रान्ति ल्याउन सक्छ ।

2018 मा उहाँले क्वान्टम सूचना विज्ञानमा गरेको कामको लागि उहाँलाई वर्षको अष्ट्रेलियाली घोषित गरियो । सन 2019 मा उहाँलाई उहाँको "distinguished service to science education as a leader in quantum and atomic electronics and as a role model" कदर गर्दै "Officer of the Order of Australia" ले विभुषित गरियो ।



# अष्ट्रेलियन मुद्रा

हाम्रो मुद्रामा अष्ट्रेलियाको महत्वपूर्ण मानिसहरू र आकृति चिन्ह राखिएको हुन्छ।

सामाजिक सुधार, विज्ञान, राजनीति, सैन्य उपलब्धी र कलामा ठूलो योगदान दिने र महान सीप भएका व्यक्तिहरू मध्येबाट छानिएका व्यक्तिहरूको तस्विर हाम्रो मुद्रामा हुन्छ।

## महारानी एलिजाबेथ द्वितीय (1926-2022)

महारानी एलिजाबेथ द्वितीय अष्ट्रेलियाको राज्य प्रमुख हुनुहुन्थ्यो। उहा अस्ट्रेलिया र संयुक्त अधिराज्यकी महारानी हुनुहुन्थ्यो। आफ्नो लामो र लोकप्रिय शासनकालमा उहाको बलियो, स्थिर उपस्थिति थियो।




## संसद भवन र फोरकोर्ट मोजाइक

संसद भवनको निर्माण डिजाइन डिभलपमेन्ट ल्याण्डस्केप प्लानको आधारमा भएको हो। यो प्लान संसद भवन निर्माण प्राधिकरणले उपलब्ध गराएको हो। फोरकोर्ट मोजाइक नेल्सन जागामाराको 'Possum and Wallaby Dreaming' शीर्षक भएको केन्द्रीय मुरुभूमि डट-शैलीको चित्रकलामा आधारित छ।




## Dame Mary Gilmore (सन् 1865-1962)

डामे मेरी गिलमोर लेखिका, पत्रकार, कवि र सामाजिक उत्थानको लागि अभियान गर्ने हुनुहुन्थ्यो। उहाँलाई महिलाको पक्षमा बोल्ने, उनिहरूको प्रतिनिधित्वको बारेमा, आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डरहरूको र गरिब मानिसहरूको बारेमा लेख्न भएकोमा सम्झना गरिन्छ।




## AB 'Banjo' Paterson (सन् 1864-1941)

एन्द्र बार्टन प्याटरसन कवि, गितकार र पत्रकार हुनुहुन्थ्यो। उहाँले 'बान्जो' पिटरसन बनेर लेख्न हुन्थ्यो र उहाँलाई विशेषगरी सबैभन्दा प्रख्यात अष्ट्रेलियाली 'लोकगीत वाल्टिजिङ्ग मटिल्डा' बाट सम्झन्छौं।




## Reverend John Flynn (सन् 1880-1951)

रेभेरेण्ड जोन फ्लिनले रोयल फ्लाईङ्ग डक्टर सर्भिस अफ अष्ट्रेलिया नामक पहिलो पटक विश्वमा विमान मार्फत औषधी सेवा उपलब्ध गराउने व्यवस्था प्रारम्भ गर्नुभयो । अष्ट्रेलियाको विकट क्षेत्रहरूमा औषधी सेवा उपलब्ध गराएर धेरैको जीवन बचाएकोमा उहाँलाई सबैले सम्झन्छन्।



## Mary Reibey (सन् 1777-1855)

मेरी रिईव न्यू साउथ वेल्स क्षेत्रको अग्रगामी व्यपारी महिला हुनुहुन्थ्यो। युवा कैदी बासिन्दाको रूपमा अष्ट्रेलिया आइपुगेपछि, उनी समुदायमा सम्मानिनय नेत्र बन्नु भयो।




## Edith Cowan (सन् 1861-1932)

ईडिथ कोवान एउटा समाजिक, राजनेतृ, महिलावादी कार्यकर्ता हुनुहुन्थ्यो। उनि अष्ट्रेलियाको संसदमा निर्वाचित पहिलो महिला हुनुहुन्थ्यो।




## David Unaipon (सन् 1872-1967)

डेभिड उनाईपोन एउटा लेखक, सार्वजनिक वक्ता र आविष्कारक हुनुहुन्थ्यो। उहाँलाई विज्ञानको र साहित्यको योगदान र आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डरहरूको अवस्थामा सुधार गरेकोमा संम्झन्छन्।




## Sir John Monash (सन् 1865-1931)

सर जोन मोनाश एउटा ईन्जीनियर, प्रशासक र अष्ट्रेलियाको ठूलो सैन्य कमाण्डर हुनुहुन्थ्यो। उहाँको नतृत्व, चलाख र वाङमय युक्त हुनुहुन्छ।




## Dame Nellie Melba (सन् 1861-1931)

डामे नेलिई मेल्बा विश्व प्रख्यात सुरिलो गाएक हुनुहुन्थ्यो। संसार भरि नै 'Queen of Song' को रूपमा प्रख्यात, अन्तराष्ट्रिय ख्याती प्राप्त पहिलो अष्ट्रेलियन गायक हुनुहुन्थ्यो।



# राष्ट्रिय दिवस र उत्सवहरू

अष्ट्रेलियाली राष्ट्रिय बिदाले युरोपेलीहरूको बसोबासपछिका हाम्रा उत्सव र उपलब्धीहरूको इतिहास झल्काउँछन्।

## तोकिएका दिनहरू

- **नयाँ बर्ष को दिन जनवरी 1** हामी नयाँ बर्षको शुरूवात मनाउँदछौँ।
- **जनवरी 26 मा पर्ने अष्ट्रेलिया दिवसमा** हामी अष्ट्रेलियन हुनुको अर्थ के छ भन्ने कुरामा विमर्श गर्दै समकालिन अष्ट्रेलिया र हाम्रो साझा इतिहासको उत्सव मानउँछौँ। 1788 मा ठ्याक्कै यही दिन बेलायतबाट फ्रस्ट फ्लिट अष्ट्रेलिया आइपुगेको वर्षगाठमा यो दिवस मनाइन्छ।
- **अप्रिल 25 मा पर्ने एन्ज्याक डे मा** पहिलो विश्वयुद्धदौरान गालिपोलिमा अष्ट्रेलियन र न्यूजिल्याण्डको सेना (ANZAC) ले टेकेको वर्षगाँठ मनाइन्छ। यस दिन हामी लडाइ, द्वन्द र शान्ति सेनामा भाग लिने र मृत्यु बरण गर्ने सबै जनालाई स्मरण गर्छौं। हामी ती साहसी र दायीत्व निभाएका सेवारत महिला र पुरूषहरूको सम्मान गर्दछौँ र युद्धको विविध अर्थको बारेमा विमर्श गर्छौं।
- **डिसेम्बर 25 मा पर्ने क्रिसमश डे** क्रिश्चियन क्यालेण्डरको आधरमा उपहार दिने दिन यशुको जन्म दिनको रूपमा मनाइन्छ।
- **डिसेम्बर 26 मा पर्ने बक्सिङ्ग** डेलाई पनि क्रिसमश उत्सवको रूपमा मनाइन्छ।

## परिवर्तन हुने दिनहरू

- **मजदूर दिवस वा आठ घण्टे दिवस विश्वकै पहिलो** - अष्ट्रेलियन मजदूरहरूको आठ घण्टेको रूपमा मनाउने गरिन्छ।
- **ईस्टर यो** पर्व क्रिश्चियन कथा अनुसार यशु क्रिष्टलाई झुण्डाएको दिनको रूपमा मनाइन्छ।
- अष्ट्रेलियाको राज्य प्रमुख, **राजा चार्ल्स तृतीयको जन्मदिनको** अवसर पारेर राजाको जन्मदिन मनाउने गरिन्छ। यो उत्सव वेस्टर्न अष्ट्रेलिया बाहरेक, जुन महिनाको द्वितिय सोमबार हरेक राज्य र प्रदेशहरूमा मनाइन्छ।

## अन्य सार्वजनिक बिदाहरू

फरक फरक राज्य, प्रदेश र शहरहरूमा अन्य सार्वजनिक बिदाहरू पर्दछन्। उदारहणको लागि अष्ट्रेलियन क्यापिटल टेरिटोरीको क्यनबेरा दिवस छ, साउथ अष्ट्रेलियाको स्वयंमसेवा दिवस (भोलन्टर डे) र वेस्टर्न अष्ट्रेलियाको फउण्डेसन डे छ।

## अन्य महत्वपूर्ण दिवसहरू (बिदा नहुने)

- **सदभाव सप्ताह** मार्च 21 समावेश हुने हप्तामा मनाइन्छ । यो दिन सांस्कृतिक विविधताको उत्सव मनाइन्छ।
- **सेप्टेम्बर 17 मा मनाइने अष्ट्रेलियाली नागरिकता दिवसमा** हामी अष्ट्रेलियाली नागरिकताले प्रतिनिधित्व गर्ने एकताको उत्सव मनाउँदै देश निर्माणमा हामीले खेल्न सक्ने भूमिकाको बारेमा विमर्श गर्छौं।
- **मे 27 देखि जुन 3 सम्म मनाइने राष्ट्रिय मेलमिलाप सप्ताहमा** हामी एकता र परास्परिक सम्मानमा जोड दिँदै अझै न्यायसंगत, समानतापूर्ण राष्ट्र निर्माणमा अग्रसर बन्छौँ।

# अष्ट्रेलियाका मानिसहरू

अष्ट्रेलिया संसारको सबैभन्दा विविधतापूर्ण देशहरू मध्येको एक देश हो । अष्ट्रेलियाको जनसंख्याको लगभग तीन प्रतिशत आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर पिपुलहरू छन्। अष्ट्रेलियाको जनसंख्याको लगभग एक चौथाईभन्दा बढी बासिन्दाहरू विदेशमा जन्मेकाहरू छन् र 200 भन्दाबढी देशहरूबाट बसाई सरेर आएका छन्। यस विविधता युक्त मानिसहरूले अष्ट्रेलियालाई बिभिन्न भाषाहरू, आस्था, चालचलन र रितिरिवाजको धनी बनाएको छ।

राष्ट्रमण्डलको सदस्य भएकाले अष्ट्रेलिया र बेलायतको अझै नजिकको सम्बन्ध छ।

अष्ट्रेलियाली नागरिकहरू विविधतापूर्ण समाजमा एकताको प्रतिकको रूपमा रहेको अष्ट्रेलियाली नागरिकताप्रति गर्व गर्छन्। अष्ट्रेलियाली नागरिता दिवस हरेक वर्ष 17 सेप्टेम्बरका दिनु मनाइन्छ। यस दिन सबै अष्ट्रेलियाली नागरिकहरू देश निर्माणमा हामीले खेल्न सकने भूमिकाको बारेमा बिचार विमर्श गर्छौं।

# अष्ट्रेलियाको अर्थतन्त्र

अष्ट्रेलियाको अर्थतन्त्र स्थिर र प्रतिस्पर्धी छ । अष्ट्रेलियामा जोशिलो र सीपयुक्ता मानव संशाधनलाई महत्त्व दिइन्छ । अष्ट्रेलियालीहरूको जीवनको गुणस्तरलाई संसारको राम्रो मध्येको एक मानिन्छ ।

### Dick Smith (जन्म सन्: 1944)

डिक स्मिथ एउटा व्यावसायी जोखिम पूर्ण यात्रगर्न रूचाउने यात्री र मानवप्रेमी हुनुहुन्छ। उहाँले विद्दुतीय सामानहरूको व्यवसायमा राम्रो सफलता हासिल गर्नुभयो र आफ्नो सम्पति अष्ट्रेलियाको उन्नती गर्न प्रयोग गर्नुभयो। उनले अष्ट्रेलियाको मात्रै भएको खानेकुरा बेच्ने कम्पनीको स्थापना गरे र उनले करोडौं खर्च गरेर भने पनि यो कम्पनी बचाई राखेका छन्।

सन् 1986 उहाँलाई प्राविधिक उन्नती र वातावरणीय संसक्षणको लागि अष्ट्रेलियन अफ दि यीअर पुरस्कारले विभूषित गरिएको थियो। हट एअर बलुनमा अष्ट्रेलियामाथि र तासमान समुन्द्र पारगर्ने उहाँ पहिलो व्याक्ति हुनुहुन्थ्यो। उहाँ एउटा जोखिम पूर्ण यात्रगर्ने उत्सुक, सफल व्यावसायी र देशप्रेमीको रूपमा परिचित हुनुहुन्छ।



## बजार

अष्ट्रेलियाको स्थिर र आधूनिक वित्तिय संस्थानहरू र कर प्रणाली र व्यापारिक नियमहरूले व्यावसायीक कृयाकलापमा निश्चयता दिन्छ। पर्यटन, शिक्षा र वित्तीय सेवा सहितका सेवा उद्योगहरूले अष्ट्रेलियाको कूल ग्राहस्थ उत्पादनमा ठूलो योगदान दिन्छन् ।

अष्ट्रेलियाको आर्थिक स्थायीत्वले लगानीका लागि आकर्षक स्थान बनाएको छ। अष्ट्रेलियाको सेयर बजार एसिया प्रशान्त क्षेत्रको ठूलो सेयर बजार मध्येको एक मानिन्छ ।

## खनिज

अष्ट्रेलियाको ठूला व्यापरी साझेदारहरूमा चीन, जापान, संयुक्त राज्य अमेरीका, दक्षिण कोरिया, सिंगापुरा, न्यूजिल्याण्ड र बेलायत पर्दछन्। अष्ट्रेलियाले मुख्यतया कोइन, फालमको घाउ, प्राकृतिक ग्याँस र शिक्षा एवं पर्यटन सेवा निर्यात गर्छ । हाम्रो अर्थतन्त्र खुल्ला छ र व्यापार हाम्रो अर्थतन्त्रको विकासको लागि महत्वपूर्ण रहिआएको छ।

## खनिज

अष्ट्रेलिया प्रकृतिक साधनहरूको लागि धनि छ जस्तै कोइला, तामा, तरल प्रकृतिक ग्यास र खनिज बालुवाहरू। यी कुराको माग संसारभरि उच्च छ ।

# संसारकै नागरिकको रूपमा अष्ट्रेलिया

अष्ट्रेलियाले राम्रो अन्तराष्ट्रिय नागरिकको भूमिका खेल्न पाउँदा गौरव ठान्दछ। संसारभर नै हामी भन्दा कम भाग्यशालीहरूलाई हामी मद्दत गरेर देखाउँछौं।

## अष्ट्रेलियाको अन्तरराष्ट्रिय सहयोग र मानवीय प्रयासमा योगदान

अष्ट्रेलियाको अन्तरराष्ट्रिय सहयोग र मानवीय प्रयासमा योगदानअष्ट्रेलिया सरकारको अन्तराष्ट्रिय सहायता योजनाले विकाशोन्मुख देशहरूको लागि गरिबी निवारण र दिगो विकाश गर्दछ। हामी संसारभरका जनता र सरकारलाई सहयोग प्रदान गर्छौं ।

अष्ट्रेलियनहरू जब हाम्रै देश वा विदेशमा आपत पर्दछन त्यसबेलामा उनिहरूप्रति उदारपन देखाउँछन्। व्यक्तिगत दान र अष्ट्रेलियाली सहायता कार्यक्रम मार्फत् हामी देशहरू जुन लगातार रूपमा आपत परिरहेको छ उनीहरूलाई चन्दाको रूपमा सहयोग गर्दछौं।

सन 2018 मा डा. रिचार्ड ह्यारिस र डा. क्राएग च्यालनलाई अष्ट्रेलियाको दोस्रो ठूलो वहादूरी पुरस्कार Star of Courage Medal of the Order of Australia (OAM) प्रदान गरियो । थाइल्याण्डको बाढीग्रस्त गुफाबाट 12 किशोर र उनीहरूको फुटबल कोचलाई बचाउन सफल भएकोमा उनीहरूलाई यो पुरस्कार प्रदान गरिएको हो ।

## अन्तर्राष्ट्रिय मन्चमा सक्रिय सहभागिता

राष्ट्रसंघको स्थापना काल सन् 1945 देखि नै अष्ट्रेलिया सरकार सकृय सदस्यको रूपमा रहि आएको छ। अष्ट्रेलियाले सन् 1951 संयुक्त राष्ट्रसंघको शरणार्थी सम्बन्धी संम्मेलन अन्तर्गत, शरणार्थीको रूपमा पहिचान गरिएकाहरूलाई संरक्षण गर्दछ। अष्ट्रेलिया संयुक्त राष्ट्रसंघको शान्ति प्रयास, विकाशोन्मुख देशहरूको मानविय र आकस्मिक सेवाहरू गर्छ र संयुक्त राष्ट्र संघको शिक्षा, वैज्ञानिक र सामुदायीक संस्थाहरूमा यसको बलियो संलग्नता छ।

सन् 1971 मा, अष्ट्रेलिया Organisation for Economic Cooperation and Development (OECD) को पुरा सदस्य बन्यो। OECD विश्व व्यापारलाई प्रवर्धन गर्दै संसारभरिका मान्छेहरूको आर्थिक र सामाजिक कल्याण अभिवृद्धि गर्ने प्रयास गर्छ ।

ष्ट्रेलियाले एसिया प्यासिफिक क्षेत्रमा बलियो रूपमा सहायताको लागि अडान लिन्छ। अष्ट्रेलिया Asia-Pacific Economic Cooperation, East Asia Summit र Pacific Islands Forum (PIF) को सकृय सदस्य हो। अष्ट्रेलिया दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संवाद साझदार पनि हो र यो संस्थाका क्षेत्रीय फोरममा सहभागिता जनाउँछ ।

### Dr Catherine Hamlin AC (1924–2020)

डा- क्याथरिन हाम्लिन स्त्रीरोग चिकित्सक हुनुहुन्थ्यो । उहाँ युवती इथोपियन महिलालाई पीडाको जीवनबाट मुक्त गराएकोमा प्रख्यात हुनुहुन्छ । सन् 1959 देखि डाक्टर हाम्लिन ईथोपियाको अदिस अवावामा ‘obstetric fistula’ को नामले चिनिने महिलाहरूको बच्चा जन्माउँदा हुने दुर्घटना सम्बन्धी सहायतामा कार्यरत हुनुहुन्थ्यो । यो समस्या भएका महिलाहरू आफ्नो शारिरीक कृयाकलापमा नियन्त्रण गर्न सक्दैनन् र समाजबाट तिरस्कृत र बहिष्कृत हुन्छन् ।

क्याथरिन र उहाँको श्रीमानले अदिस अवावा फिस्टुला हस्पिटलको स्थापना गरेका छन्। यसको सहायताले हजारौ महिलाहरू स्वास्थ्य भएर फर्कन सक्षम भएका छन्।

सन् 1995 मा, डा हाम्लिनलाई अष्ट्रेलियाको सबैभन्दा ठूलो कम्प्यानियन अफ दि अडर अफ अष्ट्रेलिया (Companion of the Order of Australia) पुरस्कारले विभुषित गरियो ।



# नोबेल पुरस्कार बिजेता अष्ट्रेलियालीहरू

अष्ट्रेलियनहरू वैज्ञानिक र चिकित्सकिय अध्ययनमा प्रख्यात छन्। निम्न व्यक्तिहरूले नोबेर पुरस्कार प्राप्त गरेका छन् ।

- प्रध्यापक विलियम ब्राग (सन् 1862-1942) र लरेन्स ब्राग (सन् 1890-1971) भौतिक शास्त्री।
  विलियम ब्राग (बाबु) र लरेन्स ब्राग (छोरा) भौतिक शास्त्रमा सन् 1915 मा 'for their services in the analysis of crystal structure by means of X-rays' को लागि संयुक्त नोबल पुरस्कार विजेता भएका थिए।
- सर हवार्ड वाल्टर फ्लोरे (सन् 1898-1968) शारीरिक रोग शास्त्री।
  साउथ अष्ट्रेलियाको एडिलेडमा जन्मनु भएका, हावर्ड फ्लोरेले शारीरिक रोग विशेषज्ञ र चिकित्सामा 'for the discovery of penicillin and its curative effect in various infectious diseases' को लागि संयुक्त नोबल पुरस्कार विजेता भएका थिए।
- सर फ्रयाङ्क म्याकफारलेन बर्नेट (सन् 1899-1985) चिकित्सा विज्ञा र जीव विद्या।
  भिक्टोरियामा जन्मनु भएका, फ्रयाङ्क बर्नेटलाई शरीरक्रिया विज्ञान वा चिकित्सामा सन् 1960 मा 'for discovery of acquired immunological tolerance' को लागि संयुक्त नोबल पुरस्कार विजेता भएका थिए।
- सर जोन कारेयु ईक्लेस (सन् 1903-1997) शरीरक्रिया विज्ञ।
  मेलवर्नमा जन्मनु भएका जोन ईक्लेस ले शरीरक्रिया विज्ञान वा चिकित्सामा सन् 1963 मा 'for discoveries concerning the ionic mechanisms involved in excitation and inhibition in the peripheral and central portions of the nerve cell membrane' को लागि संयुक्त नोबल पुरस्कार विजेता भएका थिए।
- सर बनार्ड काट्ज (1911–2003), फिजिसियन र बायोफिचिसिस्ट
  जर्मनीमा जन्मनुभएका बार्नाड काट्ज सन् 1941 मा अष्ट्रेलियाली नागरिक बन्नुभएको थियो । उहाँले 1970 मा शरीर विज्ञान वा चिकित्साशास्त्रमा 'discoveries concerning the humoral transmitters in the nerve terminals and the mechanism for their storage, release and inactivation' का लागि नोबेल पुरस्कार प्राप्त गर्नुभएको थियो ।
- प्राध्यापक जोन वारकप कर्नफोर्थ (सन् 1917-2007) रसायनशास्त्री।
  सिड्नीमा जन्मनु भएका जोन कर्नफोर्थले रसायनशास्त्रमा सन् 1975 मा 'for his work on the stereochemistry of enzymecatalyzed reactions' को लागि संयुक्त नोबल पुरस्कार विजेता भएका थिए।
- प्राध्यापक पिटर डोर्थी (जन्म सन्: 1940) रक्षाशास्त्री।
  क्विन्सल्याण्डमा जन्मनु भएका पिटर डोर्थीले शरीरक्रिया विज्ञान र चिकिन्सामा सन् 1996 मा 'for discoveries concerning the specificity of the cell mediated immune defence' को लागि संयुक्त नोबल पुरस्कार विजेता भएका थिए।
- प्राध्यापक ब्यारी मार्शल (जन्म सन् 1951) पाचन प्रणाली विशेषज्ञ तथा डाक्टर रोविन वारेन (जन्म सन् 1937) शारीरिक रोग शास्त्री।
  ब्यारी मार्शल र रोविन वारेन दुवैले शरीरक्रिया विज्ञान वा चिकित्सा मा सन्न 2005 मा 'the bacterium Helicobacter pylori and its role in gastritis and peptic ulcer disease' को आविष्कारको लागि संयुक्त नोबल पुरस्कार विजेता भएका थिए।
- प्राध्यापक एलिजावेथ हेलेन ल्ब्याकबर्न (जन्म सन् 1948) जीव विद्या।
  होवार्ट मा जन्मनुभएका प्राध्यापक ल्ब्याकबर्न शरीरक्रिया विज्ञान र चिकिन्सामा सन् 2009 मा 'for the discovery of how chromosomes are protected by telomeres and the enzyme telomerase' को लागि संयुक्त नोबल पुरस्कार विजेता भएका थिए।
- प्रोफेसर ब्रायन पि. स्किमिड्ट (जन्म:1967), खगोलशास्त्री
  स्किमिड्टले 'for the discovery of the accelerating expansion of the universe through observations of distant supernovae' का लागि सन 2011 मा संयुक्त रूपमा नोबेर पुरस्कार प्राप्त गर्नुभयो ।

निम्न व्यक्तिहरूले साहित्यमा नोबेल पुरस्कार प्राप्त गर्नुभएको छ ।

- प्याट्रिक ह्वाईट (सन् 1912-1990) उपन्यासकार र नाटक लेखक।
  लण्डनमा अष्ट्रेलियन अविभावकबाट जन्मनु भएका प्याट्रिक ह्वाईटलाई सन् 1973 मा 'for an epic and psychological narrative art which has introduced a new continent into literature' को लागि नोबल पुरस्कार विजेता भएका थिए ।



# भाग छ

# हाम्रो अष्ट्रेलियन कथा

# हाम्रो अष्ट्रेलियन कथा

अष्ट्रेलियाको गाथा धेरै मान्छे र घटनाले गर्न सृजित भएको हो ।

## आदिवासी र टोरस स्ट्रैट आइल्याण्डर पिपुल

अष्ट्रेलियाको पहिलो बासिन्दाहरू आदिवासी र टोरस स्ट्रेट आइल्याण्डरहरू हुन् । उनीहरूको संस्कृति तथा परम्परा संसारको सबैभन्दा पुरानो जीवित संस्कृति र परम्परा हो ।

पुरातात्विक अभिलेखका अनुसार आदिवासीहरू बढीमा 65,000 वर्ष पहिला र घटिमा 40,000 वर्ष पहिला अष्ट्रेलिया आएका थिए । तर आदिवासीहरू भने आफूलाई यो भूमिको सृष्टिसम्बन्धी कथाको केन्द्रमा राख्छन् । उनीहरूको सृष्टिको कथा समय सुरु भएको बेलादेखि सुरु हुन्छ ।

आदिवासी र टोरस स्ट्रैट आइल्याण्डरहरूमा अझै पनि प्राचीन आस्था र परम्पराहरू छन् जसले उनीहरूलाई अझै पनि निर्देशित गर्छ । तिनिहरूको जमिनसंग गहिरो सम्बन्ध छ जुन तिनिहरूको कथा, कला र नृत्यमा प्रदर्शित छन्।

### भाषाहरू

बेलायतीहरू आउनु अगाडि, अवोरिजिनल र टोरस स्ट्रेटस् आइल्याण्डरहरूको 700 भन्दा बढी भाषाहरू र बोलीहरू थिए। करिब 100 भन्दा बढी भाषाहरू आजसम्म पनि प्रयोगमा आएको छ। तर वीस भाषाभन्दा कम भाषाको मात्र पुस्तान्तरण हुने गरेको छ । आप्रवासीहरू (इन्डिजिनस) को वाक्य इतिहास निकै महत्वपूर्ण छ, जसले मानिसहरू र भूमिको बारेमा कथा भन्दछ।

### स्वप्न

आदिवासी जनताहरूको जीवनलाई निर्देशित गर्ने ज्ञान, आस्था र अभ्यासको प्रणालीलाई जनाउने पश्चिमाहरूले प्रयोग गरेको शब्द हो- स्वप्न ।

आदिवासी बालबालिकाका बा आमा र अग्रजहरूले स्वप्नसम्बन्धी कथाहरू भन्ने गर्छ । यी कथा सुनेर बालबालिकहरू आफ्नो भूमि कसरी बन्यो र यहाँ कसरी बसोबास सुरु भयो भन्ने बारेमा जानकारी हासिल गर्न सक्छन् । यी कथा सुनेर बच्चाहरू महत्वपूर्ण व्यवहारिक ज्ञान पनि हासिल गर्छ जस्तो कि उनीहरू झाडीको कुन भागमा खाने कुरा हुन्छ भन्ने थहा पाउँछन् ।

स्वप्नसम्बन्धी कथाहरू संगीत, गीत र नृत्यको माध्यमबाट भनिन्छ । आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डहरू नाँच्छन् तथा गाउँछन् । यसरी नाँच गान गर्दा उनीहरू आफ्नो पुर्खासँग महिन पाराले जोडिएको महसुस गर्छन् ।

सक्कली खालका आदिवासी कलामा चट्टानमा कोर्ने वा रंग र जमिनको परिकल्पनात्मक कला पर्दछन्। विशेष गरी केन्द्रीय अष्ट्रेलियाबासीहरूले थोप्लो, वृत र जमीन वा स्वप्नको कथा जनाउने विशेष सांस्कृतिक चिन्हहरूको प्रयोग गरी चित्र बनाउथे भने उत्तरी भागमा बस्ने अष्ट्रेलियालीहरूले मानव, जनवार र संकेत र आत्माहरूको चित्र बनाउथे ।

अझै पनि अष्ट्रेलियाका आदिवासीहरू स्वप्नलाई महत्वपूर्ण ठान्छन् ।



काकाडू आदिवासी कला

# अष्ट्रेलिया आउने पहिला युरोपेलीहरू

## पहिलेका यूरोपेली अन्वेषण

17 औं शताब्दीमा, यूरोपेली अन्वेषकहरूले 'Terra Australis Incognita' भन्ने दक्षिणको थाहा नभएको भूमि पत्ता लगाए। सन् 1606 विलियम जानस्जोन नामका हल्याण्डबासीले अष्ट्रेलियाको उत्तरी भागमा पर्ने केप योर्क प्रायद्वीप छेउमा आएका थिए। त्यहि बेलातिर लुईस भाज डे टोरसको नेतृत्वका स्पेनिस जहाज महादिपको उत्तरी भागको सागुरो ठाउँबाट गएका थियो।

पछि सन् 1600 तिर, हल्याण्डबासी नाविकहरूले वेस्टर्न अष्ट्रेलियाको अन्वेषण गरे र यस भूमिलाई 'नयाँ हल्याण्ड' भने ।

सन् 1642 एबल तासमानले किनारको नयाँ भूमि पत्तालगाए, उनले यस भूमिलाई नाम 'Van Diemen's Land' दिए (अहिलेको तासमानिया)। उहाँले अष्ट्रेलियाको किनारको हजारौं माईलको यात्रा गरे। उहाँको पुरा नभएको नयाँ हल्याण्डको नक्शामा यो जमिन उत्तरको पापुवा न्यू गिनियामा जोडिएको विश्वास गरेको पाइन्छ।

विलियम डामपियर नामका पहिलो अंग्रेजले अष्ट्रेलियाको भूमिमा पाईला टेकेका थिए। सन् 1684, उनी उत्तर पश्चिमी किनारमा उत्रिएका थिए। जमिन सुक्खा र धुलो मैलो थियो । त्यसैले उनले बासस्थानकोलागि उपयुक्त ठानेनन् ।



एबल तासमानको नयाँ हल्याण्डको नक्शा, सन् 1644

## कप्तान जेम्स कुक

सन् 1770 मा जेम्स कुक नामका अंग्रेज नपुगुन्जेल यूरोपेलीहरूले अष्ट्रेलियाको पूर्वीतट अन्वेषण गरेका थिएनन्। बेलायतका सरकारले कुकलाई दक्षिणी प्यासिफिक पत्ता लगाउनको लागि यात्रामा पठाएका थिए। उहाँले पूर्वी तटको यात्रा गरे र आधूनिक सिड्नीको दक्षिणी पट्टी बोटनी बेमा आफ्नो जहाज 'Endeavour' उतारे । जेम्स कुकले यस भूमिलाई न्यू साउथ वेल्स नाम दिए, र राजा जोर्ज 3 को दाबी गरे।

## कैदी प्रतिस्थापन

पहिलो युरोपबासी आप्रवासीहरू प्रायजसो कैदी थिए यसकारण अष्ट्रेलिया अपूर्व थियो। संयुक्त राज्य अमरीकाको स्वतन्त्रता पश्चात, बेलायतले कैदीहरू पठाउन सकेन र वेलायतको झ्यालखानाहरू एकदमै खाँदिए। सन् 1786 मा, वेलायतले केही कैदीहरूलाई नयाँ उपनिवेश् न्यू साउथ वेल्समा पठाउने निर्णय गर्यो ।

## प्रथम उपनिवेश

कप्तान आर्थर फिलिप न्यू साउथ वेल्स उपनिवेशवादका राज्यपाल थिए। उनले 26 जनवरी 1788 मा 11 पानी जहाजहरू, पहिलो जहाजहरू वेलायतबाट विश्वको अर्को भाग सिड्नी कोभमा सफलतापूर्वक ल्याएका थिए। यही दिनको वर्षगाँठमा हामी हरेक वर्ष अष्ट्रेलिया दिवस मनाउँछौं।

## बसोबासका शुरूका वर्षहरू

उपनिवेशिक बसोबासको सुरुका वर्षहरू निकै जटिल थिए । कोही नमरून् भन्ने कुरा सुनिश्चित गर्न गभर्नर फिलिपले आफू, आफ्ना अधिकृत र अरूमा एउटै रासन प्रणाली लागू गरे । उहाँको सामान्य सोचाई र दृढताले उपनिवेशलाई बचाउन शुरूका कठिन बर्षहरूमा सहयोग पुगेको थियो।

अपराधीहरूले प्रारम्भिक कालमा ठूलो परिश्रम गरे । सजायँ पुरा गर्ने अपराधीहरू स्वतन्त्र महिला वा पुरूष हुन्थे र उनिहरूलाई आफ्नै समाजमा काम र परिवारको पालनपोषण गर्नमा लगाइन्थ्यो।



बेलायतबाट सन्
1788 मा सिड्नी कोभमा पहिलो जहाज आईपुग्दै

## नयाँ अवसर

पहिलो यूरोपेली जनसंख्यामा मुख्यतया अंग्रेज, स्कटिस, वेल्स र आईरिसहरू थिए। विगतमा स्कटिसए वेल्स र आईरिसहरूको कहिलेकोहह अंग्रेजहरूसंग युद्ध हुन्थ्यो, तर अष्ट्रेलियामा यी चार समूहहरू एकजुट भएर मिलिजुली काम र बसोबास गरे।

उपनिवेशमा पहिलेका र हालका अपराधीहरूले नयाँ अवसर पाउन थाले। विगतका केहि अपराधीहरूले व्यापारीको रूपमा आफ्नै व्यापार शुरू गर्न थाले। विगतका अन्य अपराधीहरूले कृषि, पसले, कुल्ली र प्रकाशक बन्न थाले।

### Caroline Chisholm (1808-1877)

शुरूका उपनिवेशको बेला एक्लो महिलाहरूको अवस्थामा सुधार ल्याएर क्यारोलाईन चिसहोल्मले सामाजिक उत्थान गरेकी थिइन। सन् 1838 मा उनी आफ्नो सैनिक श्रीमानका साथ पाँच बालबच्चा सहित अष्ट्रेलिया आएकी थिइन्। सिड्नीको सडकमा बसेका बसाईं आएका महिलाहरूलाई उनले मद्दत गरेकी थिइन। केहि बर्ष भित्र नै उपनिवेश वरिपरी उनले 16 बसाईं सरेर आएका महिलाहरूको लागि होस्टल स्थापना गरिन्।

क्यारोलिनले जहाजद्वारा उपनिवेशमा बसाईं आएकाहरूलाई जहाजको यात्राको सुधार गर्न धेरै कडा परिश्रम गरिन्। उनले गरिवी बाट मुक्त हुन चाहानेहरूको लागि ऋणको पनि बन्दोबस्तो गरिकी थिइन।

आज, धेरै अष्ट्रेलियाको विद्यालयहरू क्यारोलिन चिसहोल्मको नामबाट राखिएको छ। उनि 'बसाईं सरेर आउनेहरूको साथी'को रूपमा परिचित हुनुहुन्थ्यो र मानिसहरूको नयाँ जीवन शुरू गर्नको लागि थकित नभई गरेको योगदानको लागि हामी उनलाई सम्झन्छौं।



## गभर्नर मक्वारी

गभर्नर फिलिपका साथै, गभर्नर लाचलन मक्वारीले पनि हाम्रो शुरूका इतिहासमा महत्वपूर्ण स्थान ओगटेका छन्। उनले न्यू साउथ वेल्स उपनिवेशमा सन् 1810 देखि सन् 1821 सम्म शासन गरेका थिए। उनिहरूले उपनिवेशलाई अपराधीहरूको स्थलको रूपमा नभई स्वतन्त्र मानिसहरूको बस्तीको रूपमा विकाश गरेका थिए। उनले कृषि अभ्यासको सुधार गरे र नयाँ सडक र सार्वजनिक सुबिधाहरूको निर्माण गरे तथा अष्ट्रेलियाको अन्वेषण गर्न प्रोत्सहान गरे।

मक्वारीले शिक्षामा र विगतका अपराधीहरूलाई सम्मानगर्न पैसा लगाए। उनले केही पहिलेका अपराधीहरूलाई समाजको न्यायधिश र सामाज सेवाको जागिर दिलाए।

गभर्नर मक्वारीलाई इतिहासमा उपनिवेशलाई उनले गरेका सकारात्मक परिवर्तनको लागि सम्मान गरिन्छ। न्यू साउथ वेल्सको मक्वारी विश्वविद्यालय उहाँ कै नामबाट राखिएको हो।

## हाम्रो अपराधिक विगत

गभर्नको पद पकदमै कठिन भयो, एक मानिसको लागि ठूलो शक्ति भयो, त्यसैले सन् 1823 मा अर्को गभर्नरको सुझवको लागि न्यू साउथ वेल्स लेजिसलेटिभ काउन्सिल (New South Wales Legislative Council) को स्थापना भयो।

बेलायतले सन् 1840 मा न्यू साउथ वेल्समा, सन् 1852 मा तासमानियामा र सन् 1868 मा वेस्टर्न अष्ट्रेलियामा अपराधीहरू पठाउन बन्द गर्यो। 160,000 भन्दा बढी अपराधीहरू अष्ट्रेलिया पठाइएको थियो । भुतपूर्व अपराधी र अरू बीचको विभाजन विस्तारै हट्न थाल्यो । सन् 1850 देखि उपनिवेशहरू आफैं स्व-संचालित हुन थाल्यो र सम्मान सहितको समाजको निर्माणको चाहना भयो। धेरै अष्ट्रेलियालीहरू आफ्नो अपराधिक विगत प्रति गौरव महसुस गर्छन् ।

### युरोपेली बसोबासपछि आदिवासी र टोरस स्ट्रैट आइल्याण्डर पिपुल

सन् 1788 मा युरोपेली बसोबास सुरु हुँदा अष्ट्रेलियामा 750,000 र 14 लाखको बीचमा आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डरहरू थिए । यहाँ 250 देशहरू थिए र 700 भाषा बोलिन्थ्यो ।

अष्ट्रेलियामा उपनिवेश स्थापना गर्दा बेलायत सरकारले आदिवासीहरूसँग कुनै सन्धी गरेको थिएन। बेलायतीहरू आफूसँग यहाँको जमिन ओगट्ने कानुनी अधिकार भएको कुरामा विश्वास गर्थे ।

आदिवासी र टोरस स्ट्राट आइल्याण्डरहरूको आफ्नै अर्थतन्त्र थियो । उनीहरू जमिनसँग अन्योन्यास्रित भएर जोडिएका थिए । आफ्नै नियम अनुसार शासन गरिरहेका उनीहरूलाई आगन्तुकहरूको कानुन मात्र लगाउन थालियो । आगन्तुकहरूलाई बोलाइएको पनि थिएन । अत: आगन्तुकहरूको उपस्थिति स्वीकार्य थिएन ।

बेलायतीहरूको आगमनपछि आदिवासी र टोरस स्ट्राट आइल्याण्डरहरूको जीवनमा ठूलो परिवर्तन आयो । बेलायतीहररूले नयाँ समाजिक, आर्थिक र धार्मिक व्यवस्था कायम गर्न खोज्दा कयौंले ज्यान गुमाउनु पर्यो, कयौंको जमिन खोसियो । नयाँ रोग, बोट बिरुवा र रोगहरू भित्राइए ।

शुरूमा गभर्नरहरूले अवोरिजिनल मानिसहरूलाई हानि नगर्नु भनिएको थियो, तर बेलायतीहरू अवोरिजिनलहरूको जमिनमा सरे र उनिहरूलाई मारे। सामन्यतया यस्ता अपराधिक कृयाकलापमा बसाईं सरेर आएकाहरूलाई सजायँ थिएन।

केहि अवोरिजिनलहरू र यूरोपेली हरू शान्तिपूर्वक एकसाथ बस्न सक्थे। केहि बसाईं सरेर आउनेहरूलाई भेडा र गाईबस्तु गोठालाको रूपमा रोजगार दिइयो। गभर्नर मक्वारीले अवोरिजिनल मानिसहरूलाई उनिहरूको कृषिको लागि जमिन र अवोरिजिनल बालबालिकाहरूको लागि पाठशालाको प्रस्ताव गरे। तर धेरै कम अवोरिजिनल मानिसहरू मात्र बसाईं सरेर आएका मानिसहरू जसरी बस्न रूचाउँथे किनकी तिनिहरू आफ्नो साम्प्रदायिक परम्परा गुमाउन चाहन्नथे।

भूमिसम्बन्धी लडाइमा थुप्रै आदावासीहरू मारिए । ठ्याक्कै कति आदिवासी मारिए भन्ने कुराको लेखाजोखा छैन । लाखौँ आदिवासीहरू मारिएको अनुमान गरिन्छ । युरोपेलीहरूले भित्राएको रोगको कारणले त झनै बढी आदिवासीहरूको मृत्यु भयो । अवोरिजिनलहरूको जीवन गुमाएको घटना निन्दनिय थियो।

# ऐतिहासिक घटनाहरू

## जमिन भित्रको खोजी

न्यू साउथ वेल्समा शुरूका उपनिवेशकहरूले साधै गाघो सहनु परेको थियो। सुख्खा मौसमको बेला उनिहरू भागेर हिंड्नु परेपनि अवोरिजिनल मानिसहरूलाई त्यस्तो स्थितिमा कसरी बाँच्ने भन्ने जानकारी थियो।

सिड्नीको प्रारम्भिक अन्वेषणकर्ताहरूको लागि (सिड्नीको 50 किमी पश्चिमसम्म फैलिएको) ब्लु माउन्टेन चुनौतीको रूपमा रहेको थियो । 1813 मा ग्रेगोरी ब्लाक्सल्याण्ड, विलियम चार्ल्स वेन्टवर्थ र विलियम लसन नाम गरेका तीन जना मान्छेहरू अन्तिममा यो पर्वत छिचोल्न सफल भए । हालको ब्लु माउन्टेन पार गर्ने सडक र रेलको बाटोले उनिहरूले लिएकै बाटो पछ्याएको छ।

अन्वेषकहरूले यी हिमालको अर्को भागमा खुला देश फेला पारे । यो देश भेडापालनको लागि सुहाउँदो थियो । अघि बढ्दै जाँदा सुखा र मरूभूमीय देश भेटियो ।

युरोपेली अन्वेषकहरूले पानी भेट्न सकेनन् । बाँच्नका लागि पर्याप्त खानेकुरा लिएर जान पनि मुस्किल थियो । 1848 मा यो महादेश पूर्वबाट पश्चिमतिर जाँदै गर्दा जर्मनीमा जन्मिएका अन्वेषक लुडविग लेचहार्ड्ट हराए ।

सन् 1860 मा रोबर्ट ओहारा बर्क र विलियम जोन विल्स मेलवर्नबाट दक्षिणदेखि उत्तरको यत्रा गर्दै अष्ट्रेलिया महादेश छिचोल्ने हेतुले हिँडे । उनिहरूले ठूलो अन्वेषण गरे तर उनिहरूको यो यात्रा निकै कठिन थियो। बर्क र विल्स झाडीमा हिड्न अनुभवी मानिसहरू थिएनन्। तिनिहरूले अवोरिजिनल यानदरूवान्डा बासीहरूबाट बिशेष सहयोग पाए तर फर्कने क्रमा उनिहरू दुवैको मृत्यु भयो। उनिहरूले यात्रा पूरागर्न नसकेपनि उनिहरूको नाम कला र साहित्याका कथामा उल्लेख गरिएको छ। यो हाम्रो कठिन भूमिको दुःखद उदारहण हो।



## सुनको खोजी गर्ने लहर द गोल्डरस

बसाईं सरेर आएकाहरू र अग्रगामीहरू बसाईं सरेर आउनेहरूको जमिन राम्रो भएपनि जीवन अझै कठिन थियो। खडेरी वा बढीपछि बसाई सरेर आएकाहरूले आफ्नो जीविकोपार्जनको उपाय गुमाउनु पर्थ्यो तथा कृषकहरूले फेरि खेती गर्न सुरु गर्नु पर्थ्यो । तर पनि मान्छेहरू आफूलाई सम्हाल्थे र अघि बढ्थे । 'Aussie battler' शब्दले अष्ट्रेलियालीहरूको लडाकु स्वभाव र लचकताको प्रतिनिधित्व गर्छ । अग्रगामीहरूलाई यस कठिन समयको सहासप्रति सम्मान गरिन्छ। जब पुरुषहरू टाढा जान्थे वा मर्थे त्यसबेला महिलाहरूले व्यवसाय र कृषि खेतिपाती धान्नु पर्थ्यो।

विगतका ति कठिन दिनहरूमा अष्ट्रेलियामा भाइचाराको भावना शुरुवात भएको हो। जसले दुर्गम स्थानपार गदर्छ उ पुरुषहरूको माझ त्यस्तो व्यक्ति बहादुर ठहरिन्थ्यो। बसाईं आएकाहरूले पनि एक अर्कालाई कठिनाई परेको बखतमा मद्दत गर्दथे । यो परम्परा अष्ट्रेलियाको जीवनको एउटा भाग भएको छ।

## गोल्ड रस


सन् 1851 को न्यू साउथ वेल्समा सुन खानी फेलापारेपछि अन्वेषणलाई अन्वेष्ण जसले देश नै परिवतर्न गरिदियो ('discovery that changed a nation') भनरे चिनिन्छ। त्यसको लगतै भर्खरै स्वतन्त्र भएको उपनिवेश भिक्टोरियामा पनि सुन फेला परेको थियो।

सन् 1852 को अन्त्यतिरसम्ममा, करिब 90.000 मानिसहरूले अष्ट्रेलियाको सबै भागबाट र विश्वको धेरै भागबाट सुन खोज्न भिक्टोरिया तर्फको यात्रा गरेका थिए।

अष्ट्रेलियाको इतिहासमा युरेका रिवेलियन सबै भन्दा ठूलो प्रजातान्त्रिक क्षण थियो। सरकारी सेनाहरूले सुन खन्ने व्यक्तिहरूसँग निकै रकम असुल्ने गर्थे । सन् 1854 नोभेम्वर 11 का दिन, आधारभूत प्रजातान्त्रिक हक अधिकारकोलागि लगभग 10,000 मानिसहरूको Bakery Hill, Ballarat भेला भएका थिए। तिनिहरूको मागमा उनिहरूलाई सुन खन्नकोलागि महंङ्गो अनुमति शुल्क नलाग्ने होस् भन्ने थियो। तिनिहरूको अर्को मागमा भिक्टोरियाको संसदमा उनिहरूलाई प्रतिनिधित्व गर्ने प्रतिनिधिको लागि भोट गर्न पाउनु पर्ने थियो।

यसपछि युरेका खानी स्थलमा 'युरेका स्टोकेड' बनाइयो । यही स्थानमा सुन खन्नेहरूले विद्रोहीको झण्ड (साउदर्न क्रस भएको) को कसम खाएर एक भएर आफ्नो अधिकार र स्वन्त्रताको लागि लड्ने कसम खाए । सन् 1854 डिसेम्बर 3, का दिन बिहानै सरकारले उक्त किल्लामा हमला गर्न सिपाहीहरू पठाएका थिए। केही बेरको लडाइपछि सुन खन्नेहरूको हार भयो र लगभग 30 जना सुन खन्नेहरूको मारिए ।

रेबल नेताहरूलाई राजद्रोह मुद्दा हालियो तर कुनै जुरीले उनीहरूलाई दोषी साबित गर्न सकेनन् । शाही आयोगले सरकारको गल्ती ठहर्याय र धेरै खानीको मजदूरहरूको माग पुरा भयो। तिनिहरूको राजनीतिक प्रतिनिधित्व हुनुपर्ने माग पनि पुरा भयो। एक बर्ष भित्र नै रेबलहरूको नेता पिटर लालोर भिक्टोरियाको संसदको सदस्य भए।



युरेका झण्डा

समय बित्दै जाँदा यूरेका रेबेलेसन एउटा बिरोध प्रदर्शन र 'न्यायोचित अवसर' प्रतिको हाम्रो विश्वासको रूपमा चिनिन थाल्यो।

अष्ट्रेलियालाई सुनखानीले धेरै तवरमा परिवर्तन ल्याईदियो। सुनखानी को बेला, अष्ट्रेलियाको गैरआदिवासीहरूको जनसंख्या सन् 1851 को 430000 बाट बढेर सन् 1870 सम्ममा 17 लाख भयो। सन् 1850 मा बढ्दो जनसंख्यालाई सम्पर्क गराउनकोलागि पहियो रेलमार्ग र टिलिग्राफको निर्माण भयो।

साउथ अष्ट्रेलिया बाहेक अन्य सबै उपनिवेशहरूमा एकदमै धेरै सुन खानी फेला पर्यो। अर्थतन्त्र को विकाशमा सबै भन्दा महङ्गो उनको निर्यातलाई सुनले जित्यो। सन् 1890 सम्ममा अष्ट्रेलिया संसारको सबैभन्दा राम्रो जीवन स्तर भएको देश बनिसकेको थियो ।

## गाईवस्तुपालक र किसानहरू

उपनिवेशको पहिलेका दिनहरूमा, मानिसहरू जो गाइर्बस्तु पालक ('squatter') को रूपमा चिनिने हरूले कृषिको लागि ठूलो जमिन हात पारे। गाईबस्तु पालकहरूले पैसा तिरेर लिएको जमिन नभएपनि उनिहरूले आफ्नो जमिनको रूपमा लिए। पहिलो गोल्ड रस सकिएपछि सरकारले गाईबस्तुपालकहरूबाट यो जमीन फिर्ता लिन संघर्ष गर्नु पर्यो ।

सन् 1860 मा, सरकारले कृषिकोलागि गाईबस्तु पालकहरूको जमिन कामदार त उनिहरूको परिवारलाई बेच्न चाह्यो। गाईबस्तु पालकहरूले सकेसम्म बढी जमीन आफैसँग राख्न खोजे ।

रेलमार्ग नबुन्जेलसम्म बजारदेखि निकै टाढा खेत भएका किसानहरूले मुस्किल सहनु पर्यो । सहरमा धेरै रकम कमाउन सक्ने भएकाले मान्छेहरू खेती किसानी गर्न उत्सक भएनन् ।

दक्षिणी अष्ट्रेलियामा कृषि कर्मलाई सहज बनाउने मेसिनको आविश्कार गर्ने परम्परा सुरु भयो । जस्तै सन् 1870 को स्टमप जम्प प्लो (एक विषेश प्रकारको हलो) ले नमिलेको जमिन पनि सजिलै संग सफा गरि कृषि योग्य बनाउन सक्ने भए।

## सन् 1800 को बसाईं सराइ

सन् 1800 को शुरूमा उपनिवेशको मुख्य समूहको रूपमा अंग्रेज, स्कटिस, वेल्स र आइरिस उपनिवेशहरू रहेका थिए । अष्ट्रेलियाका फुर्सदका क्रियाकलाप, धार्मिक अभ्यास र सांस्कृतिक गतिविधि पनि बेलायत कै जस्तो थियो । युरोप र एसियाबाट पनि केही आप्रवासीहरू आएका थिए । सन् 1800 मा आइपुगेका यूरोपेलीहरूमा, इटालियन, ग्रिक, पोलेस, माल्टिज, रसियनका साथ साथै वाईन उद्योगमा कामगर्ने फ्रान्सका मानिसहरू थिए। तिनिहरूमा मुख्यतया युवा पुरूषहरूजो काम र भाग्य खोजिरहेका, वा समुद्रका मानिसहरू जसको जहाजहरू काम नगर्ने भएका थिए उनिहरू पर्दथे।

1842 पछि चिनियाँहरू पनि अष्ट्रेलियामा आउन थाले । सुन पत्ता लागेपछि उनीहरूको संख्या बढ्यो । सुन क्षेत्रमा जातीय द्वन्द हुने गर्थ्यो । यसको कारणले कहिलेकाहीँ चिनियाँहरू विरुद्ध दंगा पनि हुने गर्थ्यो । बेन्डिगोमा 1854 मा भएको दंगालाई यसको उदाहरणको रूपमा लिन सकिन्छ । यी जातीय दंगाको कारणले 1855 मा भिक्टोरिया र 1861 मा न्यु साउथ वेल्समा आप्रवासीहरूलाई निषेध गरियो ।

1850 को दशकको गोल रसपछि धेरै चिनियाँहरू घर फर्किए । ति मध्ये जो बसे तिनिहरूले बजारको रूपमा पानी कम भएका क्षेत्रहरूमा फलफूल र तराकारीहरू बितरण गर्न थाले।

सन् 1860 देखिए इरान, इजिप्ट, टर्की बाट अष्ट्रेलियाको विकट भागबाट उँट 'रेल' चलाउन आएका थिए। उस्तै प्रकारको लवाई र ईस्लाम धर्म प्रतिको आस्थाले गर्दा भारतिय उँट मालिकहरूका साथै, अफगानिस्तानका आप्रवासीहरू पनि एकैमा गनिन्थे। यी उँट मालिकहरूलाई 'भित्री भू भागको अग्रगामीको' रूपमा चिनिन्थे।

क्विन्सलेन्डको चिनी उद्योग र केर उद्योगमा काम गर्ने भारतीय र पेसिफिक आइल्यान्डरहरू पनि थिए । यिनीहरू अत्यान्त कम ज्यालामा नाजुक स्थितिमा काम गर्थे ।

सन् 1880 देखि, लेबनन बाट कामदारहरू अष्ट्रेलिया आउन थाले। धेरैजसो लेबनिजहरू लत्ता कपडाको उद्योगमा सम्मिलित भए र लेवनिज परिवारहरू अष्ट्रेलियामा आफ्नै वस्त्र व्यावहार लिएर आएका थिए ।



अष्ट्रेलियाको आउटब्याक 'अफगानी' ऊट व्यापारीहरू

## आदिवासी आरक्षणहरू

बसाईं सरेर आउनेहरूको र ओबरजिनलहरूको जमिनको लागि भएको शुरूका द्वन्द पछि, अवोरिजिनल बासिन्दाहरू समाजको धारमा रहे। केहि थौरै ज्यालामा विकटका भेडा र गाईबस्तुको गोठाला भए। उनीहरू कहिलेकाहीँ आफ्नो कामको पैसा पनि पाउँदैन थिए । उपनिवेशको सरकारले अवोरिजिनलहरू बस्न सक्ने आरक्षण घोषाणा गरिदिए, तर त्यस भागमा उनिहरूले उनिहरूको पारम्परिक तरिकाले जीवन यापन गर्न पाउँदैनथे। जस्तै उनीहरू आफूले चाहे जसरी सिकार गर्न र जमघट हुन पाउदैनन् थिए ।

सन् 1800 को अन्त्यतिर, उपनिवेशको सरकाले आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डरहरूको हक अधिकार लुटे। उनीहरूले आदिवासीहरूले कहाँ बस्नु पर्छ र कोसँग विवाह गर्नुपर्छ भन्ने कुराको नियम बनाए । उनीहरूले आदिवासी र टोरेस ट्रेट आइल्याण्डरका बच्चाहरू खोसेर 'गोरा' परिवारको मा वा सरकारी अनाथालयमा पठाए । यो नीति वीसौँ शताब्दीको मध्यसम्म लागू भयो । आदिवासी र टोरेस स्ट्रेट आइल्यान्डरहरू 'चोरिएको पुस्ता' सम्बन्धी मुद्दालाई तिक्ततापूर्ण रूपले हेर्ने गर्छन् । यही विषयलाई लिएर सन् 2008 मा अष्ट्रेलियाली संसदमा राष्ट्रिय रूपमा क्षमा मागिएको थियो ।

## मताधिकार

'Suffragettes' भन्ने वाक्य महिलाहरूले चुनावमा मताधिकारको लागि गरेको जागरणको लागि विश्वभर नै प्रयोग गरिन्छ। सन् 1880 र 1890 तिर, हरेक उपनिवेशमा एउटा मताधिकारसम्बन्धी समाज हुने गर्दथे। 'Suffragettes' हरूले उपनिवेशको संसदमा उनिहरूको प्रतिनिधित्व हुने मागको लागि हजारौं हस्ताक्षर बटुलेका थिए।

सन् 1895 मा साउथ अष्ट्रेलियाको महिलाहरूले मतदानमा भागलिन पाउने अधिकार हासिल गरेका थिए। वेष्टर्न अष्ट्रेलियाका महिलाहरूले सन् 1899 मा मताधिकार हासिल गरेका थिए।

सन् 1902 मा, अष्ट्रेलिया महिलाहरूलाई मताधिकार दिने र संसदमा चुनिन पाउने पहिलो देश थियो। आदिवासी र टोरेस स्ट्रेट आइल्यान्डरहरूले भने सन् 1962 सम्म यो अधिकार हासिल गरेका थिएनन्।

यडिथ कोवान सन् 1923 मा वेष्टर्न अष्ट्रेलियाको संसदको पहिलो महिला सांसदको रूपमा चुनिएकी थिइन। सन् 1943 मा अष्ट्रेलियाको संसदमा पहिलो महिला सांसद ईनिड लियौन विजयी भइन् ।

## Catherine Spence (1825-1910)

क्याथरिन स्पेन्स लेखिका, धर्मोउपदेशक, महिलावादी र मताधिकारको लागि आवाज उठाउने गर्नुहुन्थ्यो। क्याथरिन स्पेन्स अष्ट्रेलियामा स्कटल्याण्डबाट बसाईं सरेर आएकी हुन्। उहाँले उनि अष्ट्रेलियाको जीवनमा आधारित पुरस्कार विजेता उपन्यास र विद्यालयाका पठ्यक्रमहरू लेख्नभएको छ ।

उनले घरबार बिहिन बालबालिकाहरू र नयाँ बाल आश्रम र केटीहरूको लागि सरकारी निम्न माध्यामिक विद्यालय जस्ता संस्थाहरू स्थापना गरिन।

उहाँ संसदको चुनावकोलागि उम्मेद्वारी दिने पहिलो महिला हुनुहुन्थ्यो । उहाँले धेरै मत ल्याए पनि उहाँ चुनावमा बिजय हुन सक्नुभएन । सन् 1891मा उहाँ साउथ अष्ट्रेलियाको ओमन्स सर्फराज लिग को उपाध्यक्ष भएकी थिइन्।

क्याथरिन स्पेन्स एउटा निषेधित समयमा पनि एकजना महिलाले के गर्न सक्षम रहिन भन्ने कुराको एउटा उदाहरण हुन्।



## संघीय सरकार

उपनिवेशहरू छुट्टा छुटै विकसित भएको भए पनि19औं शताब्दीको अन्त्यसम्ममा राष्ट्रिय एकताको भाव विकास भइसकेको थियो ।

19 औं शताब्दीको अन्त्यतिर उपनिवेशहरूलाई एकीकृत गर्ने दुईटा प्रयासहरू गरिए । सन् 1889 मा सर हेनेरी पार्केसले एउटा शक्तिशाली राष्ट्र बनाउन आव्हान गर्नुभयो । सन् 1890 मा अष्ट्रेलियाली संघीयताको बारेमा छलफल गर्न अष्ट्रेलियाली संघीय सम्मेलनको आयोजना गरियो ।

केही ढिलाइपछि सन् 1893 मा अष्ट्रेलिया संघीयताप्रति द्रुत रूपमा अग्रसर भयो । मतदाताहरूले अर्को संविधान सभाको सदस्यहरूको छनौट गरे । दुई चरणमा भएको जनमत संग्रहमा नयाँ अष्ट्रेलियाली संविधान पारित भयो ।

बेलायती सरकारले पनि अष्ट्रेलियाको स्वधिनतालाई मन्जुरी दियो । सन् 1901 जनवरी 1 का दिन न्यु साउथ वेल्सको संघीय अभियानका नेता एडमन्ड बार्टन अष्ट्रेलियाका पहिलो प्रधानमन्त्री बने । उनको सरकारले सिड्नीको सेन्टिनियल पार्कको ठूलो भीडको अगाडिसपथग्रहण गर्यो ।

यसरी अष्ट्रेलिया बेलायती साम्राज्यको एक राष्ट्र बन्यो । सन् 1931 सम्म पनि यसले विदेश मामिला र सुरक्षामा पूरा शक्ति हासिल गरेको थिएन। 1948 मा अष्ट्रेलियाली नागरिकता ऐन आउनुअघि अष्ट्रेलियालीहरू बेलायती नागरिकको रूप मै रहेका थिए । राष्ट्रियताको भावना बढेको भए पनि बेलायतीको भावना भने अझै बलियो थियो।



ब्रिसबेलमा 1901 मा मनाइएको संघीयता दिवस

**Edith Cowan (सन् 1861-1932)**

इडिथ कोवान अष्ट्रेलियाली संसदमा निर्वाचित हुने पहिलो महिला हुनुहुन्छ । पचासको डलरमा उहाँको तस्विर छ ।

इडिथ महिला मताधिकार अभियानकी अग्रणी तथा सर्वजनिक शिक्षा तथा बाल अधिकारकी अधिवक्ता हुनुहुन्थ्यो । इडिथलाई 1915 मा म्याजिस्ट्रेट र 1920 मा शान्तिको न्यायधीस बनाइएको थियो । 1921 मा उहाँ नेसनलिष्ट पार्टीको सदस्यको रूपमा पश्चिमी अष्ट्रेलियाको विधान सभामा निर्वाचित हुनुभएको थियो ।



## राजनीतिक पार्टीहरूको जन्म

सन् 1880 सम्ममा, अष्ट्रेलियाको मजदूरहरूले बलियो व्यापारिक संगठनको गठन गरिसकेका थिए। आर्थिकमन्दी र आपतको बेला यी संगठनहरूले तलब र यसका शर्तहरूको संरक्षणको लागि हडताल गर्दथे।

सन् 1891 मा यी कामदारहरूले लेबर पार्टी नाम गरेको राजनैतिक पार्टी बनाए । यो पार्टीको मुख्य लक्ष्य भनेको कामदारको ज्याला बढाउनु तथा कार्यस्थलको वातावरण सुधार गर्नु थियो । मध्ययम वर्गिय मानिसहरू मजदूरको तुलनामा अलि आरामले जिउँथे तर तिनिहरूले मजदूरहरूको अवस्था बुझे। तलब तोक्न र हडताल रोक्न आधिकारिक बोर्डको स्थापना भयो। सन् 1907 मा, Commonwealth Court of Conciliation and Arbitration ले मजदूर, उसकी श्रीमती र तीन बालबालिकाहरूहरू मितव्ययी भएर बाँच्दा खेरि पुग्ने हिसाबले न्युनतम ज्याला तोकिदियो ।

1910 मा लिबरल पार्टीको पहिलो संस्करण स्थापना गरियो । यो पार्टीको नाम पटक पटक फेरियो । कहिले यसलाई नेसनलिस्ट पार्टी भनियो भने कहिले युनाइटेड अष्टेलिया पार्टी भनियो । अहिले हामीले लिबरल पार्टी भन्ने गरेको पार्टी 1944 मा स्थापना भयो । यसका संस्थापक रोबर्ट मेन्जिज सबैभन्दा लामो समय अष्ट्रेलियाका प्रधानमन्त्री भए ।

पहिलो विश्वयुद्ध पछि, किसानहरूको हक अधिकारको लागि कन्ट्री पार्टीको गठन भयो। अहिले नेशनल पार्टी भनिने यो दल साधारणतया लिवरल पार्टीको संयोजकत्वमा काम गर्दछ।

## सन् 1901 को अध्यागमन बन्देज नियम

जब सन् 1901 डिसेम्बरमा अध्यागमन बन्देज नियम सन् 1901 (The Immigration Restrictions Act 1901) पारित भयो 'White Australia' नीति कानून भयो। यसले बसाईं सरेर आउनेहरूको लागि काम गर्न बन्देज र 'non-white' हरूलाई बसाईं सरेर आउन बन्देज गरिदियो।

यूरोप बाहेक अन्तबाट बसाईं सरेर आउनेहरूको लागि यूरोपेलीहरूको भाषामा 50 शब्दको लिखित परिक्षा दिनुपर्ने नियम लागू गरियो। चिनियाँली उद्योग बाणिज्य संघका सदस्य अधिवक्ता विलियम आह केट र चिनियाँली व्यापारीहरूले सार्वजनिक विरोध प्रदर्शनी गरे, तर यसले कानून नै परिवर्तन गर्न भने सकेन।

युरोपेली आप्रवासीहरूलााई नयाँ अष्ट्रेलियाली संघमा प्रतिष्ठित मानिन्थ्यो । तर चिनियाँ, भारतिय, प्यासिफिक आइल्याण्डर र मध्यपूर्वबाट बसाईं सरेर आउनेहरूको रितिरिवाजको योगदान भने अष्ट्रेलियाको समाजको पहिचानको लागि अभिन्न अंग भइसकेको थियो ।

### Dorothea Mackellar (1885–1968)

डोरेथा म्याकेलर एक कवि हुनुहुन्छ । उहाँ 1908 मा छापिएको '*My Country*' कविताको लागि परिचित हुनुहुन्छ । उक्त कवितमा रहेको 'I love a sunburnt country' हरपलाई अमर हरपको रूपमा लिइन्छ । उहाँको कवितलाई गाउँले कविताको रूपमा लिइन्छ । उहाँले आफ्ना कवितामा गनेडा, नर्थ वेस्ट न्यु साउथ वेल्समा आफ्ना दाजु भाइका फार्ममा आफूले गरेको अनुभव कवितामा उतार्नु भएको छ ।

उहाँले अष्ट्रेलियाली साहित्यमा गरेको योगदानको कदर गर्दै सन 1968 मा उहाँलाई "Officer of the Order of the British Empire" ले विभूषित गरिएको थियो ।t



## प्रथम विश्व युद्ध, (सन् 1914-1918)

अवोरिजिनलहरू र बसाईं सरेर आउनेहरू बीचको झगडा बाहेक अष्ट्रेलिया अति नै शान्तिपूर्ण देश हो। यहाँ कुनै गृहयुद्ध वा परिवर्तन भएको छैन।

पहिलो बसाईं सरेर आउनेहरू बेलायती साम्राज्य प्रति अत्यन्त बफादार थिए।

विषेशगरेर जापान शक्तिवान देश भएपछि, यूरोपेलीहरूको किल्लाको नजिकको एशिया, अष्ट्रेलियाको नजिकका देशहरूले अस्थिरताको अनुभव गर्न थाले। अष्ट्रेलिया बेलायती साम्राज्यवाद र उसका जलसैन्यद्वारा आफ्नो सुरक्षा गर्ने कुरामा निर्भर भयो। अष्ट्रेलियाले दुवै विश्व युद्धमा बेलायती साम्राज्यवादलाई दरिलो राख्न र आफ्नो देश बचाउन संघर्ष गरिनै रहे।

अष्ट्रेलियन सिपाहीहरू सन् 1915 मा प्रथम विश्वयुद्धमा जर्मनीको पक्षमा रहेको टर्कीसंग युद्धमा प्रवेश गरेका थिए। अष्ट्रेलिया र न्यूजिल्याण्डका सिपाहीहरूलाई हमलाको लागि उनिहरू कै गालिपोलि प्रायद्विप दिएको थियो।

तिनिहरूलाई गलत स्थानमा खटाइएकोले तिनिहरूले चट्टनको भिर चढनु पर्यो त्यसैबेला टर्कीको सिपाहीहरूले गोलि हानिदिए। धेरै युवा जबानहरूको मृत्यु भएपनि कसरी कसरी तिनिहरू भिरमाथि चढे र आफ्नो मोर्चा कसे । स्वदेशमा अष्ट्रेलयनहरूले Anzacs को उक्त सहासी कदमप्रति गौरवान्वित महशुस गरे।

गालिपोलि पश्चात, अष्ट्रेलियाको सिपाहीहरूले फ्रान्सको पश्चिमी भागमा युद्ध गरे। तिनिहरूले जमिनको शुरूङ्ग खन्दैमा धेरै समय खर्चेको कारण तिनिहरूलाई 'diggers' को नाम दिइयो। कमाण्डर जोन मोनाशद्वारा नेतृत्व गरिएकोए अष्ट्रेलियन सिपाहीहरूले जर्मन माथि ठूलो विजय हासिल गरे । यसका कारणले फ्रान्सले अष्ट्रेलियाली फौजप्रति कृतज्ञ भयो ।

Suez Canal र Allied conquest of the Sinai Peninsula को संरक्षण गर्न अष्ट्रेलियन महिला र पुरूष सिपाहीहरूले मध्यपूर्वी भागमा काम गरेका थिए।

## सिमसन र उनका गधा- जोन सिम्पसन कर्कप्याट्रिक (1892–1915)

सिपाही जोन सिमसनले गालिपोलिमा एम्बुलेन्सको स्ट्रेचर बेरियरको रूपमा काम गरे। पहाड र उपत्यकामा स्ट्रेचर बोक्ने काम ज्यादै गाघो थियो। घाईते सैनिकहरूलाई संरक्षित स्थानमा ल्याउन, सैनिकहरूको आदेशको विपरित उनले डफि नाम गरेको गधा प्रयोग गरे।

दिनरात, घण्टै पिच्छे सिम्पसन र उनको गधाले आफ्नै जिन्दगी खतरामा राखेर रणभूमि र क्याम्पमा काम गर्दथे।

सन् 1915 अप्रिल 25 का दिन सिपाही जोन सिम्सन गालिपोलिमा पुगेका थिए। त्यसको लगत्तै चारहप्तामा नै शत्रुको मेसिनगनको गोलिद्वारा उनि मारिए। बिच क्याम्प स्थित सैनिकहरूले डफीले अझैपनि घाईते सिपाहीहरूलाई आफ्नो मालिक बिना नै ओसारिरहे को स्थिति देखेर मौन रूपमा दुरूखी भए। जोन सिम्पसन कर्कप्याट्रिक एक महान अष्ट्रेलियाली नागिरक थिय ।





# Anzac को महानता

एन्ज्याक परम्पराको सुरुवात टर्कीको गालिपोली प्रायद्वीपमा भएको थियो ।

25 अप्रिलमा 1915 मा गालिपोलीमा पुगेपछि आठ महिने युद्द अभियान सुरु भयो । यो अभियानमा रोगको कारणले मरेका 8000 जना सहित 26,000 जना अष्ट्रेलियालीहरूको मृत्यु भएको थियो । गालिपोलि प्रायद्विपमा सेवारतहरूको बहादुरी र जोशले प्रसिद्ध कमाएको छ र 'Anzac' शब्द अष्ट्रेलिया र न्यूजिल्याण्डको भाषाको भाग बनेको छ।

25 अप्रिल 1916 मा अष्ट्रेलिया, न्युजिल्याण्ड, बेलायत र इजिप्टमा रहेका सेनाहरूले यहाँ पाइला टेकेको पहिलो वर्षगाँठ मनाए । त्यसपछि यो दिनलाई एन्ज्याक दिवसको रूपमा चिनिन थाल्यो ।

सन् 1920 सम्मा 'Anzac Day' महोत्वसव अष्ट्रेलिया भर मनाइन थाल्यो र प्रदेशहरूमा सार्वजनिक बिदाको रूपमा 'Anzac Day' लाई मनाइयो।

राजधानी शहरहरूमा मुख्य युद्ध स्तम्भहरू निर्माण गरियो, र देशभरीका शहरहरूमा र नगरहरूमा युवा पुरूष र महिलाहरू जो युद्धमा मारिएका र पछि विवादमा मारिएकाहरूको स्मारिका खडा गरियो।

एन्ज्याक दिवस एउटा यस्तो दिन हो जुन दिन युद्ध, द्वन्द र शान्ति स्थापनार्थ खटिएका सबै जना र उनीहरूको मित्रता, उनीहरूले प्रतिकूल परिस्थितिमा देखाएको सहनशिलता र हाम्रो भविष्यको लागि गुरेको त्यागको स्मरण गर्छौं र उनीहरूलाई सम्मान गर्छौं । यो दिन युद्धको विविध अर्थको बारेमा पनि विमर्श गर्छौं ।

'Anzac Day' आज अष्ट्रेलियामा र विश्वभरि नै स्मरण गरिन्छ। युद्धबाट फर्किएका महिला र पुरुष, शान्ति सेना र अरू देशमा भुपु सैनिकहरू 'Anzac Day' को परेडमा गौरवका साथ भाग लिन्छ ।

## बृहत मन्दी (सन् 1929-1932)

द ग्रेट डिप्रेसन भन्ने गरिएको भयङ्कर ठूलो आर्थिक मन्दीको बेला नै अष्ट्रेलियाबासीहरूले एकदमै कठिन स्थितिबाट गुज्रिनु परेको थियो। यसको सुरुवात 1929 को अक्टोबरमा न्यू योर्कको स्टक एक्सचेन्ज खस्केपछि भएको थियो । अष्ट्रेलियामा आर्थिक मन्दी हुनुको अरू कारणहरूमा अष्ट्रेलियाली उत्पादनको मूल्य घट्नु र रोजगारदाताले काम र ज्याला कटौती गरेका कारण उत्पन्न औद्योगिक अस्थिरता आदि थिए । सन् 1932 सम्ममा करिब 32 प्रतिशत अष्ट्रेलियनहरू बेरोजगार भएका थिए।

अष्ट्रेलियन समाजमा मन्दीको असर एकदमै भयानक थियो। काम र स्थिर आम्दानी नहुनका कारण धेरै मानिसहरूले घर गुमाउनु परेको थियो। तिनिहरू ढल र तातो बिनाको अस्थायी निवासमा बस्नु परेको थियो। केहि पिताहरूले त परिवार त्याग गरेर रक्सी पिउन थालेका थिए। कामगर्ने वर्गमा परिवारका धेरै बालबालिकाहरू 13 वा 14 बर्षको उमेरमा नै विद्यालय छोड्न थाले। धेरै महिलाहरूले आधारभूत कामगर्न थाले र एक्लैले बालबालिकाहरूको रेखदेख गर्न थाले।

मन्दी चर्किरहेको बेला, अष्ट्रेलिया सरकारको केन्द्रिय बेरोजगार योजना थिएन। केहि दान र केहि निजी संस्थाहरू बाहेक, मानिसहरू रोजगारी योजना र सार्वजनिक निर्माण योजनामा भरपर्नु पर्दथ्यो। सन् 1932 मा अर्थतन्त्रमा सुधार आउन थाल्यो, तर धेरै परिवारहरूमा भएको क्षतिको मर्मत भने हुन सकेन।

उक्त बृहत मन्दीको बेला अष्ट्रेलियामा दान गर्ने संस्था र स्वंयम सेवकहरूको भूमिकालाई कहिल्यै बिर्सन सकिन्न।



आर्थिक मन्दी दौरान सुप किचेन

## सर चार्ल्स किङ्सफोर्ड स्मिथ (सन् 1897-1935)

सर चार्ल्स किङ्सफोर्ड स्मिथ पहिलो पुस्ताका अष्ट्रेलियाली पाइलट थिए । प्रथम विश्वयुद्धको बेला उनी गालिपोलिमा भिडेका थिए र Britain's Royal Flying Corps संग उडान गरेका थिए।

उनको पहिलो ठूलो काम सन् 1928 मा क्यालिफोर्निया देखि क्विन्सल्याण्ड सम्मको प्यासिफिक समुन्द्र पार गर्नु थियो। उहाँको साउदर्न क्रस नामक प्लेन अष्ट्रेलिया आउँदा 25,000 अष्ट्रेलियालीहरू उनलाई 'स्मिथि' भन्ने स्वागत गरेका थिए । सन् 1932 मा वायुसेवामा पुर्याएको योगदान बापत उनलाई knighted पदले विभूषित गरिएको थियो।

दुखद रूपमा, सन् 1935 मा उनि इंगल्याण्डबाट अष्ट्रेलिया आएको बेला उनको विमान सहित हराए र उनलाई कहिल्यै फेला पार्न सकिएन।

सर चार्ल्स किङ्गसफोर्ड स्मिथलाई विश्वकै सबैभन्दा ठूलो वायुसेवा इतिहासको पात्र भनिन्थ्यो। उनलाई दानी व्यक्तिको रूपमा चिनिन्छ र आर्थिक मन्दी आकासिएको बेला एकजना वास्तविक अष्ट्रेलियन अभिनेता खोज्नु परेमा।



# दोस्रो विश्वयुद्ध (1939–45)

दोस्रो विश्वयुद्धमा अष्ट्रेलियालीहरूले Allies सँग मिलेर युरोप, भूमध्य सागर र उत्तरी अफ्रिकामा जर्मनीसँग लडाई गरे। उनीहरूले दक्षिण पूर्वी एसिया र प्रशान्त क्षेत्रमा जापानसँग पनि लडाईं गरे।

उत्तरी अफ्रिकाका मरुभूमिमा रहेको टोब्रक सहरमा अष्ट्रेलियाली फौजले जर्मनी र इटालियनहरूको लामो घेराबन्दी विरुद्ध लडे। यो इजिप्टमा रहेका जर्मनहरू विरुद्धको अन्तिम रक्षादल थियो। संघर्षपूर्ण आठ महिनासम्म यी सेना (मुख्य रूपले अष्ट्रेलियाली सेवा) हरूले ठूलो आक्रमण र प्रतिकूल परिस्थितिको समाना गरें। उनीहरूले गुफा र हिम दरारमा लुकेर लडाई गरें। प्रतिवद्धता, वीरता र हसिमजाकका साथै कमान्डरहरूको आक्रमक योजनाले युद्धकालीन अन्धकारमा उत्प्रेरणाको श्रोतको रूपमा काम गर्यो। यही कारणले उनीहरूले "टोब्रुकका मुसा" को उपाधी प्राप्त गरें।

1941 जापानले प्रशान्त क्षेत्रमा युद्धको घोषणा गर्यो। अष्ट्रेलियालीहरू पपुआ न्यु गिनीको रक्षा गर्न थाले। यो काम नियमित सेना र नयाँ भर्ती भएकाहरूलाई दिइएको थियो। नयाँ भर्ती भएकाहरू पर्याप्त रूपमा तालिम प्राप्त थिएनन्। तिनिहरूले शत्रुहरूसंग बन, भिर पाखा खोकोडा ट्र्याकले चिनिने हिलो मार्गमा लडाईं गरेका थिए। अष्ट्रेलियाली सेना जापानीहरूलाई रोक्न सफल भयो। केही अष्ट्रेलियालीहरूको लागि गालिपोलीको एन्ज्याक कोभ झै पवित्र तिर्थ स्थल बन्न सक्यो।



पापुवान
भरीयाद्वारा घाइते सिपाहीलाई कोकोडा ट्र्याकमा मद्दत गर्दै

1942 मा जापानीहरूले बेलायतीहरूको सिंगापुरमा रहेको आधार सिविरमाथि विजय हालिल गरे। त्यहाँबाट लगभग 15,000 अष्ट्रेलियाली सेनालाई गिरफ्तार गरी थाई-बर्म रेलमार्गमा काम गर्न लगिएको थियो। यो निर्माण दौरान धेरै अष्ट्रेलियाली सेनाहरूसँग निकृष्ट व्यवहार गरिएको थियो। अष्ट्रेलियाली युद्द बन्दीहरूले एक अर्काको हेरचार गर्न खोजेको भए पनि यहाँ 2700 भन्दा बढी अष्ट्रेलियाली युद्ध बन्दीको निधन भयो।

## सर एडवर्ड 'Weary' डनलप (1907–93)

एकजना बहादुर तथा होशियार शल्य चिकित्सक र अष्ट्रेलियाली युद्धका एकजना वीर योद्धा हुनुहुन्थ्यो। दोस्रो विश्वयुद्ध दौरान जापानीहरूलाई उहाँलाई गिरफ्तार गरी थाई-बर्मा रेलमार्गमा काम गर्न लग्यो। त्यहाँको नाम निकै मुश्किल थियो।

कमाण्डरको नाताले, वेईरीले उहाँको मानिसहरूसँग शल्य चिकित्सकको नाताले कुरागर्ने र उपचारको लागि लामो समय बिताएका थिए। क्याम्पमा उहाँलाई यातना दिनुको बाबजुदपनि उहाँले सेवा भने गरिनै राख्नभयो।

चिकित्सकिय योगदानको लागि उहाँलाई सन् 1969 मा योद्धा उपाधी (नाईट्स) ले विभूषित गरिएको थियो। जब उहाँको देहावसन भयो, 'The Surgeon of the Railway' भन्दै 10,000 भन्दा बढी मानिसहरू उहाँको राजकिय दाहासंकारमा मेलवर्नको सडकमा भेला भएका थिए।



## अरू द्वन्दहरू

दोस्रो विश्वयुद्ध भएको केही समयपछि 1950 देखि 1953 को बीचमा अष्ट्रेलियाली सशस्त्र सेनालाई संयुक्त राष्ट्र संघीय शान्ति सेना अन्तर्गत दक्षिण कोरियालाई उत्तर कोरियाली कम्युनिष्टहरूबाट बचाउने काममा खटाइयो।

त्यसको केही समयपछि अष्ट्रेलियाले अमेरिकाको समर्थन गर्दै दक्षिणी भियतनामलाई सहयोग गर्यो । यो युद्धमा अष्ट्रेलियाली सेनाले भियतनामालाई एकीकृत गर्न खोज्ने कम्युनिष्ट शासन विरुद्ध लडाई गर्यो । भियतनाम युद्द दोस्रो विश्व युद्धपछि सबैभन्दा लामो समय चलेको युद्ध हो । 1962 देखि 1973 सम्म भएको यो युद्ध अष्ट्रेलिया सहभागी भएको सबैभन्दा लामो युद्ध हो । युद्धमा भएको अष्ट्रेलियाको यो सहभागितालाई विवादस्पद मानिन्छ । धेरै अष्ट्रेलियालीहरूले यो युद्धको उदेश्य र युवाहरूलाई युद्धमा भर्ती गरेको विषयलाई लिएर सडक आन्दोलन गरेका थिए ।

अष्ट्रेलियाली रक्षा दल पूर्वी टिमोर, इराक, सुडान र अफगानिस्तानमा भएको युद्धमा सहभागी भएको छ । त्यस्तै, यो दल संयुक्त राष्ट्र संघीय शान्ति सेना अन्तर्गत अफ्रिका, मध्य पूर्व र एसिया प्रशान्त क्षेत्र जस्त विभिन्न छेत्रमा पनि खटिएको छ ।

## स्मरण दिवस

एन्ज्याक दिवसका अतिरिक्त स्मरण दिवसमा पनि अष्ट्रेलियालीहरू युद्धमा भाग लिएका र मृत्यु वरण गरेका व्यक्तिहरूको स्मरण गर्छन् । प्रत्येक वर्ष 11 नोभेम्वर (11 औ महिना) का दिन बिहान 11 बजे अष्ट्रेलियालीहरू युद्धमा मर्ने र पीडित हुने, तथा सेवा गर्ने अष्ट्रेलियालीहरूको स्मरणमा रोकिन्छन् । हामी त्यो दिन रातो पोपी लगाउँछौं ।

# शुरूका सन् 1900 तिरको अध्यागमन

प्रथम र दोश्रो विश्व युद्धकालको बीचमा, अष्ट्रेलियामा प्रवेश गर्ने निषेधित शर्तहरू कायमै रहे। तैपनि, विषेशगरी दक्षिणी यूरोपका पुरूषहरूको बसाईं सरेर आउने क्रममा भने बृद्धि नै भइरह्यो। उनिहरूले आफ्नो साथमा शिप, शिक्षा र रितिरिवाजिय मान्यताहरू ल्याएका थिए। तिनिहरूले अष्ट्रेलियाको दुर्गम क्षेत्रका उद्योग र सडक र रेलमार्ग निर्माण विकाशमा सहयोग पुर्याए। दक्ष इटालियन शिल्पकारहरूले हाम्रा सार्वजनिक भवन र बासस्थानको निर्माणमा अतुलनिय योगदान पुर्याए।

सन् 1930 को अन्त्य तिर, यूरोपबाट यहूदी शरणर्थीहरूको आगमन शुरू भयो। उनिहरू नाजी जर्मनीहरूको त्रासबाट भागेका थिए। तिनिहरू जर्मनी, अष्ट्रिया, चेकोस्लोभाकिया, हंगेरी र पोल्याण्डबाट आएका थिए। धेरैजसो शरणार्थीहरू शिक्षित थिए । उनीहरूले जसले अष्ट्रेलियाको अर्थतन्त्र र रितिरिवाजमा ठूलो योगदान पुर्याए।



एक युरोपेली आप्रवासी अष्ट्रेलियामा बसाईं सरेर आउदै गरेको

अष्ट्रेलियाको युद्धबन्दीहरूको क्याम्पमा दोश्रो विश्व युद्धको लगभग सत्र हजार इटालियन सिपाहीहरूलाई बन्दी बनाइएको थियो। उनीहरूले केही समय मात्र क्याम्पमा बस्नु पर्यो । उनीहरूसँग ठीकै व्यवहार गरिन्थ्यो । उनीहरू मध्ये धेरैले यहाँको भूमि र जनताको बारेमा जानकारी हासिल गरें । युद्ध पश्चात प्रायजसको अष्ट्रेलियामा बसाईं सरेर आएका थिए।

# युद्ध पछिका शरणार्थीहरू

युद्धपछि, अष्ट्रेलियाले आफ्नो जन घनत्व बढाउनकोलागि अन्य यूरोपियन देशहरूका मान्छेहरूलाई बसाइ सरेर यहाँ आउन प्रोत्साहित गर्यो । नाजी जर्मनीले धपाएको लाखौं मानिसहरू वा हालको सोभियत रूसले कब्जा गरेकाहरू जो आफ्नो मातृभूमि फर्कन असमर्थ भएका थिए। करिब 170,000 घरबार बिहिनहरूलाई अष्ट्रेलियाले नयाँ जीवन प्रारम्भ गर्न स्वीकार गरेका थिए।

अष्ट्रेलियामा उपयुक्त कामदारहरूको पनि कमी भएको थियो। देशको भविष्यको लागि त्यस बेलाको सरकारले जनसंख्या बृद्धि गर्न आवश्यक भएको विश्वस गरेका थिए। स्वस्थ्य 45 वर्ष मुनिकाहरू अष्ट्रेलियामा 10 पाउण्डमा र उनिहरूको बालबच्चाहरू सित्तैमा आउन सक्दथे। आप्रवासीहरू भने संयुक्त राज्य (बेलायत) र युरोपको नागरिकहरूलाई मात्र सिमित गरिएको थियो। आप्रवासीहरू भने बेलायती र युरोपको नागरिकहरूलाई मात्र सिमित गरिएको थियो।



# स्नोई माउन्टेन जल बिद्त परियोजना

अष्ट्रेलियन सरकारको सन् 1949 को बृहत योजना अन्तर्गत हिम नदिको पानी भिक्टोरियाको पूर्वी समुन्द्रमा जानु अघी बाँध बनाउने थियो। यो पानीलाई भित्री जमिन तिर लगि सिंचाई र विद्त उत्पादन गरिएको थियो। यो एउटा बृहत योजाना थियो जुन पुराहुन 25 बर्ष लागेको थियो।

यो अष्ट्रेलियाको सबै भन्दा ठूलो ईन्जिनियारिङ्ग योजना हो। संसार कै ठूलो जलविद्त परियोजना मध्येको एक मानिने यो परियोजनालाई इन्जिनियरिङ क्षेत्रको आधुनिक आश्चर्यको रूपमा लिइन्छ ।

स्नोई माउन्टेन परियोजना न्यू साउथ वैल्सको कोशीयुज्को राष्ट्रिय निकुञ्जमा अबस्थित छ।
यसमा 16 प्रमुख बाँधहरू, सात पावर स्टेसनहरू, एउटा पम्पिङ्ग स्टेशन र 225 किलोमिटर लामो सुरूङ्ग, पाइपलाईन र नहरहरू पर्दछन्। यसको प्रायसजो भाग भूमिगत छ ।

यस परियोजनाले न्यु साउथ वेल्स र भिक्टोरिया क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराउँछ । यहाँबाट न्यु साउथ वेल्सको 10 प्रतिशत जल विद्त उत्पादन गर्छ ।

सन् 1949 मा प्रारम्भ भएको यस परियोजना सन् 1974 मा समाप्त भएको थियो। 30 देशहरू भन्दाबढीका 100,000 भन्दा बढि मानिसहरूले यस परियोजनामा काम गरेका थिए। यी मध्ये सत्तरी प्रतिशत कामदारहरू आप्रवासी (बसाईं सरेर आएका) हरू थिए। यस परियोजना समाप्त भएपछि प्रायजसो यूरोपका कामदारहरू अष्ट्रेलियाको बहुसांस्कृतिक समाजलाई अमूल्य योगदान पुर्याउँदै अष्ट्रेलियामा नै बसे।

स्नोई माउन्टेन परियोजना अष्ट्रेलियाको एउटा स्वतन्त्र बहु सांस्कृतिक र साधन श्रोत सम्पन्न योजनाको प्रतिक हो।

# आदिवासी र टोरस स्ट्रैट आइल्याण्डरहरू प्रति गरिएको व्यवहार

सन् 1940 र 1950 को दशकमा सरकारले आविवासी तथा टोरेस स्ट्रेट आइल्याण्डरहरूलाई समाजमा घुलमील गराउने नीति लियो । अर्थात् आदिवासी र टोरस स्ट्रैट आइल्याण्डरहरूलाई गैर-आदिवासी जसरी नै जीवन यापन गर्न लगाइयो । उनीहरू आफ्नो संस्कृति गुमाउन चाहन्न थे । त्यसैले उनीहरू यो कुरा मान्न तयार भएनन् ।

1960 को दशकमा भने सरकारले समायोजनको नीति लियो । सन् 1850 मा अष्ट्रेलियाको प्रायजसो मानिसहरूले मताअधिकार प्राप्त गरे तर सन् 1962 सम्म पनि संघीय राज्य (Commonwealth) को मताधिकार भने दिइएको थिएन। समायोजनको भागको रूपमा आदिवासीहरूलाई जुन स्वतन्त्रता दिइयो तर तिनिहरूबाट साधारण (अवोरिजिनल बाहेकको) अष्ट्रेलियन जनताको रितिरिवाज स्वीकार गर्न भनियो।

सन् 1967 मा 90 प्रतिशत भन्दाबढी अष्ट्रेलियनहरूले आदिवासी र टपरेस स्ट्रेट आइल्याण्डहरूलाई प्रत्येक पाँच वर्षमा हुने जनसंख्या र घरको जनगणनामा संलग्न गरिनु पर्दछ भनि भोट खसालेका थिए। यसले बहुसंख्यक अष्ट्रेलियाबासीहरूले आदिवासी तथा टोरेस स्ट्रेट आइल्याण्डरहरूलाई संलग्न गराइनु पर्दछ र समानाधिकार दिनु पर्दछ भन्ने कुरा विश्वास गरेको देखियो ।

सामाजिक मूल्यको विस्तार र आदिवासीहरूको ठूलो विरोधले आदिवासी तथा टोरेस स्ट्रेट आइल्याण्डरहरूको सन्दर्भमा नीति बनाउँदा स्वयत्तता दिइनु पर्ने अवस्था सृजना गर्यो । सरकारले पनि आदिवासी तथा टोरेस स्ट्रेट आइल्याण्डहरूसँग राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विकासका सन्दर्भमा आत्मा निर्णयको अधिकार हुनु पर्छ भन्ने कुरा स्वीकार गर्यो ।

नर्दन क्षेत्रको वेभ हिलमा भएको गुरिन्डजी हड्तालपछि भूमि माथिको स्वामित्वसम्बन्धी असन्तुष्टि र विरोधको प्रचार भयो । भिन्सेन्ट लिङगिआरीको नेतृत्वमा आदिवासी पशुपालकहरूले तलब बढाउने र कार्य स्थलको वातावरण सुधार गर्ने माग गर्दै काम छोडेर हिँडे । उनीहरूको यो कामले इडी माबो र अरूलाई भूमि अधिकारको लागि लड्न प्रोत्साहित गर्यो ।

अवोरिजिनल ल्याण्ड राइटस् (नर्दन टेरिटोरी) एने 1976 अन्तरगत अवोरिजिनल समुदायका मानिसहरूलाई अष्ट्रेलियाको भित्री क्षत्रे का बाहिरी भागहरूको ठूलो क्षत्रे प्रदान गरियो। सन् 1990 को दशकको शुरु तिरको उच्च न्यायलयको माबो फैसला र *नेटिभ टाइटल ऐन 1993* ले आदिवासी समुदायका मानिसहरूको तिनका परम्परागत कानून र चालचलनका आधारमा त्यस्तो जमिनमाथिको स्वामित्व दावी गर्न पाउने कुरालाई स्वीकार गरेको छ।

अहिले अष्ट्रेलियाको धेरै ठाउँमा आदिवासीहरूले भूअधिकार प्राप्त गरेका छन् र यो संख्या बढ्दै छ । यी क्षेत्रहरूमा समाज परम्परागत रूपले चलिरहेको छ ।

सन् 1997, अष्ट्रेलियाको संसदमा 'Bringing them home' रिपोर्ट पेस गरियो । उक्त रिपोर्ट बहसंख्यक रूपमा अवोरिजिनल र टोरेस स्टट्रे आइल्याण्डरहरूको बालबालिकाहरूलाई तिनिहरूको परिवारबाट छिनेको कारणले एउटा छानविनको अन्तिम प्रतिवदेन थियो। यी बालबालिकाहरू चोरिएका ('Stolen Generations') को नामले परिचित छन् । उक्त रिपोर्टका कारण, सन् 1998 को पहिलो राष्ट्रिय क्षमा दिवस ('Sorry Day')को रूपमा हजारौं मानिसहरूले एकजटु भई प्रर्दशन गर्दै आफ्ना आदिवासी सहकर्मी अष्ट्रेलियानहरूप्रति समथर्न जनाएका थिए।

# चोरिएको पुस्तासँग राष्ट्रिय क्षमायचना (2008)

सन् 2008 फेब्रुअरी 13 का दिन, अष्ट्रेलयन प्रधानमन्त्रीले अष्ट्रेलियालीहरूको पक्षबाट संसदमा चोरिएका पुस्ताहरूप्रति राष्ट्रिय क्षमायाचना गर्नुभयो। उहाँले आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डरहरूसँग विगतमा गरिएको व्यवहारको लागि क्षमायाचना गर्नुभयो। उहाँले विशेषगरी उनीहरूका बच्चाहरू बाबु आमाबाट छिनेर लगेकोमा क्षमा माग्नुभयो।

उक्त सन्देश टेलिभिजन र रेडियोमा प्रत्यक्ष प्रसारण गरिएको थियो। उक्त 'क्षमा' सन्देश सुन्नका लागि हजारौं अष्ट्रेलयनहरू एकिकृत भई सार्वजनिक तथा कार्य स्थलहरूमा भेला भएका थिए। उक्त सन्देशमा विगतमा भएको अन्यायहरूको सूची आधिकारिक रूपमा पजींकरण गरिएको थियो र त्यसकोलागि क्षमायाचना गरिएको थियो। त्यस्ता अन्याय फेरि नहोस् भन्नको लागि आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर जनतालाई आश्वास्त तुल्याउने तर्फ सो कदम निकै महत्वपूर्ण थियो। उक्त क्षमायाचना (Sorry) सन्देश सबै अष्ट्रेलयनहरूका लागि एक कदम अगाडि बढाउन महत्वपूर्ण थियो।आज, अष्ट्रेलियाको परिचयका लागि आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डरहरूको अतुलनिय योगदानको कदर गर्दै हामीले त्यसप्रति गर्व गर्ने गरेका छौ । न्यायिक प्रणाली, राजनीति, कला र खेलकुद लगाएतका कार्य शक्तिहरूमा धेरै अवोरिजिनल र टोरेस स्ट्रेट आइल्याण्डरहरू अष्ट्रेलियाको ठूला ठूला पदहरूमा कार्यरत छन्।




सिड्नीको आकासमा 'Sorry' लेखिँदै

## अल्वर्ट नामातजिरा (1902–59)

अल्वर्ट नामातजिरा एक महान अष्ट्रेलियाली कलाकार थिए । उनी नयाँ तरिकाले अष्ट्रेलियाका रमणीय स्थलहरूको चित्र बनाउने अग्रणी कलाकार थिए । एकजना युवा अरर्नट पुरूष अल्वर्टले चित्रकलामा गहन प्रतिभा प्रस्तुत गरेका थिए। उनले निकै सिमित मात्रामा मात्र औपचारिक तालिम लिएका थिए तर उनको अष्ट्रेलिया देशबारेको पानी रंगका चित्रकला निकै लोकप्रिय बने ति सबै निकै छोटो समयमा बिक्री भएको थियो।

उनि र उनकी श्रीमती अष्ट्रेलियाको नागरिक बन्ने अनमुति प्राप्त पहिलो अवोरिजिनल समुदायका मानिसहरू थिए। यसको मतलब उनिहरू मतदान गर्न सक्थे होटलमा प्रवेष पाउँथे र मनपरेको ठाउँमा घर बनाउन पाउँथे । अल्वर्टको अष्ट्रेलियाली नागरिकताले अन्य आदिवासीहरूमा उक्त अधिकार नभएको कुराको तथ्यलाई प्रकाशमा ल्याएको छ।

उहाँले गैर आदिवासी अष्ट्रेलियालीहरूलाई नश्लीय कानुनले भेदभाव देखाउनु भयो । उहाँको जीवनको आधारमा आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डरहरूको लागि परिवर्तनहरू गरिए ।



## इडी माबो (1936–92)


इडी कोइकी माबो आदिवासीहरूको जमिनमाथिको अधिकारका लागि लड्ने एकजना कार्यकर्ता तथा प्रवक्ता थिइन। उनी टोरेस स्ट्रेटका मेरियम जातका जनताको भूमि मुरे द्विपमा जन्मेकी हुन् ।

सानै उमरे दखि नै उनलाई कनु कनु रूखहरू र कनु कनु चट्टानहरूले आफ्नो परिवारको जमिनको साँध छुट्याउँछ भन्ने सिकाइएको थियो।

धरै वर्ष पछि मात्र एड्डीले उनको घर भएको जमिनलाई उनको परिवारको स्वामित्वमा रहेको नभै अष्ट्रेलियाको कानून अन्तरगत क्राउनको स्वामित्वमा रहेको जमिनमा परिणत गरिएको थाह पाए। उनले आफ्नो क्रोधलाइ काममा परिणत गर्दै मुर्री दिपका जनताको तर्फबाट उक्त विषयलाई न्यायलयमा पुर्याए ।

सन् 1992 मा धैरै वर्षपछि एड्डीको मद्दाको फैसला उच्च न्यायलयमा भयो जुन उनले जिते । दि माबो फैसला भनिएको उक्त निर्णयमा यदि आदिवासी समदायका मानिसहरूले तिनका जग्गामा एतिहासिक सम्बन्ध वा परम्परागत रूपमा भोगचलन गरि आएको कुरा प्रमाणित गर्न सकेमा र त्यसलाई अरू कसैले दावी नगरेमा उनिहरूले त्यस्तो जमिनको स्वामित्व दावी गर्न पाउने कुरा उल्लेख छ। सो निर्णय पछि जमिनको ठूलो क्षेत्र को स्वामित्व तिनका वास्तविक मालिकहरूको हातमा देखिन्छ।

एड्डी माबोलाई उनको सहास र आदिवासी तथा टोरेस स्ट्रेट आइल्याण्डहरूका लागि जमिनमाथिको स्वामित्व प्राप्त गर्न सघाउ पुर्याएकोमा स्मरण गरिन्छ।



# बहुसास्कृतिक आप्रवास

सन् 1950 र 1960 मा ‘White Australia’ नितिको अन्त्यको लागि एशियन समुदाय, गिर्जाघरहरू र सामाजिक समूहहरूले प्रदर्शनी गरे।

सन् 1958 मा, अष्ट्रेलियाको सरकारले आदेशमूलक परिक्षणको अन्त्यगर्यो र सन् 1966 मा छनौट गरिएका यूरोपियन र दक्ष एशियनहरूको अध्यागमनकोद्वार खुल्ला गरिदियो। समग्रमा सबै ठाउँमा अष्ट्रेलियनहरूको आफ्नो देशमा सबै राष्ट्रहरूलाई अध्यागमन योजना सम्मिलित गर्ने मान्यताको लागि परिचित भए।

सन् 1973 मा ‘White Australia’ नितिको अन्त्य भयो, र अष्ट्रेलिया बहु संस्कृतिक मार्ग तर्फ लम्कियो। यसपछि सरकारले आप्रवाससम्बन्धी सबै जातीय मापदण्ड हटायो । भियतनाम युद्ध पश्चात सन् 1975 मा अष्ट्रेलियाले एशियाको (मुख्यतया भियतनाम, चीन र भारतका) शरणार्थी र बसाईं आउनेहरूलाई स्वीकार गर्यो।

1945 पछि दसौं लाख मान्छेहरू अष्ट्रेलियामा बसाइ सरेर आएका छन् । यसरी बसाइ सरेर आउनेहरूमा धेरै व्यक्तिहरू युद्धग्रस्त क्षेत्रका शरणार्थीहरू पनि छन् । अहिले अष्ट्रेलियामा संसारभरिबाट आप्रवासीहरू आउँछन् ।

अष्ट्रेलियाले समावेशिताको नीति अवलम्बन गरेको छ । त्यसैले, हरेक जात, जातीयता र संस्कृतिका मान्छेहरू आफूलाई यो समाजको अभिन्न अंग भएको महसुस गर्छन् । यो नीति अष्ट्रेलिया समाजमा सर्वव्यापी छ । यो नीति प्राथमिकदेखि विश्वविद्यालयसम्म हाम्रो शैक्षिक पाठ्यक्रममा झल्किन्छ । त्यस्तै, यो नीत सबै कार्यस्थलमा अभ्यास गरिन्छ ।

अष्ट्रेलियाको हरेक प्रदेश र राज्यको मानवअधिकार समिति र सरकारको पक्षपात निवारण निकायले हरेक व्यक्ति समानुपातिक र पक्षपात बिहिनताका साथ व्यवहार गरिनु पर्ने कुरालाई सूनिश्चित गरेको छ। जातिय भेदभावको सार्वजनिक रूपमा विरोध तथा निन्दा गरिन्छ र कानून बमोजिम त्यस्तो कार्यगर्नु अपराध हुन्छ।

अष्ट्रेलिया आपसमा मेलमिलाप रहेको बहुसांस्कृतिक समाज स्वीकार्य देश बनेको छ। यो बसाईं सरेर आउनेहरू, आप्रवासी मानिसहरू र अन्य अष्ट्रेलियामा नै जन्मेकाहरूले स्वतन्त्रताका साथ उनिहरूको लक्ष शान्तीपूर्ण तरिकाले हासिल गर्ने देश भएको छ।

## Dr Victor Chang (1936 – 1991)

अष्ट्रेलियाका सर्वोत्तम मुटु चिकित्सकहरू मध्ये एक हुन्। भिक्टर पिटर चाङ् यम हिम सन् 1936 मा चीनमा जन्मेका थिए र उनि 15 वर्षको उमेरमा अष्ट्रेलिया आएका थिए।

उनले सिड्नी स्थित सेन्ट भिन्सेन्ट अस्पतालमा (St. Vincent’s Hospital)काम गरे र उनले सन् 1984 मा अष्ट्रेलियामा मुटु प्रत्यारोपण गर्ने पहिलो केन्द्र स्थापना गरे। सन् 1986 मा भिक्टर चाङ्लाई अष्ट्रेलियाको कम्प्यानियन अफ दि अडर अफ अष्ट्रेलियाद्वारा विभूषित गरिएको थियो।

मुटु दाताहरूको अभावका कारण चिन्तित भएका भिक्टरले नक्कली मुटुको नमूना तयार गर्न शुरू गरे जुन सन् 1991 मा उनको दुखद निधन हुँदा लगभग सकिनै लागेको थियो।

उनको स्मृतिमा नयाँ अनुसन्धान केन्द्र स्थापना गरिएको छ। उनलाई विशेषज्ञता, आशावादी सोच र उनले गरेका उन्नयनका लागि स्मरण गरिन्छ।



# संक्षेपमा

यी पानाहरूले तपाईंलाई अष्ट्रेलियाको कथाको बारेमा केवल छोटो झल्को दिन्छ। अष्ट्रेलियाली नागरिक हुनु भएकोमा हामी तपाईंलाई स्वागत गर्छौं र हाम्रो शान्त प्रजातान्त्रिक देशमा पूर्ण रूपले सहभागी हुने निमन्त्रणा गर्छौं ।

नागरिकको रूपमा तपाईंसँग पनि अरू अष्ट्रेलियाली नागरिकहरूसँग भएकै दायित्व तथा सुविधाहरू हुने छन् । तपाईं पनि अष्ट्रेलयाली समुदायको पूर्ण सदस्य हुनु हुने छ । तपाईंले पनि अष्ट्रेलियाको भविष्य निर्माणमा योगदान दिनु पर्ने छ । हामी आसा गर्छौं तपाईं देश निर्माण गर्ने यो अभियानमा सक्रिय रूपले सहभागी हुनु हुने छ ।

# परिक्षण हुन नसक्ने शब्द संग्रह

राजदूत
एउटा व्यक्ति जसले देशको प्रतिनिधित्व वा देशका विभिन्न कृयाकलापहरूलाई प्रवर्द्धन गर्दछ

समूह
निर्णय गर्नको लागि छानिएका मानिसहरूको समूह उदाहरणको लागि एउटा कम्पनी कसरी चलाउनु पर्दछ भन्ने बारेमा

आवासिय विद्यालय
एउटा विद्यालय जहाँ विद्यार्थीहरू विद्यालयमा नै बस्दछन् र विद्यालयको सम्पूर्ण पाठ्यावधि भरि नै घर फर्किदैनन्

झाडी (दूर्गम)
अष्ट्रेलियाको ग्रामीण भागहरू अझैपनि आफ्नै प्राकृतिक अवस्थामा छन्

वस्तु भाउको स्थल
एउटा ठूलो खेत जहाँ वस्तु भाउहरू मासु उत्पादन गर्नको लागि राखिन्छ

बडापत्र
अधिकार र जिम्मेवारी एउटा औपचारिक लिखित विवरण

साझा सम्पदा
एउटा समान चाहना वा स्वार्थ भएको स्थल

बलपूर्वक भर्ना गरिएका सिपाही
रक्षा शक्तिमा भर्ती हुन नचाहेका तर लडाईंको बेला भर्ती हुनु परेका सिपाही

राजकिय जग्गा
सरकारी स्वामित्व भएका जग्गा

पाठ्यक्रम
अध्ययनको पाठ्यक्रम

निर्धन
पैसा नहुने वा पैसा प्राप्त गर्ने उपाय

नालीको आकारको आदिम अष्ट्रेलियाको वायु वाद्ययन्त्र (didgeridoo)
नालीको आकारको आप्रवासी (ओवर्जिनल) अष्ट्रेलियावासीहरूको वायु वाद्ययन्त्र

समान अवसर
एउटा संतुलित वा सबैले राम्रो गर्न सक्ने अवसर; समानता

मृतक पुरूष वा महिला सैनिक
लडाईं वा युद्धका बेला मरेका पुरूष वा महिला सैनिक

निर्माण गर्नु
सृजना गर्नु वा तयार गर्नु

कूल गार्हस्थ उत्पादन
वार्षिक रूपमा देश भित्र निर्मित सामान वा सेवाहरूको मूल्य

तातो तरंग
धेरै गर्मी मौसम जुन लगातार दुई दिन भन्दाबढी टिक्दछन्

उच्चस्तरिय देशद्रोह
एउटा गम्भिर अपराधिक कृयाकलाप जसमा सरकार हत्याउने प्रयास संलग्न हुन्छ

पहिचान मूलक
परिचित र प्रतिनिधि चिन्ह

पहिचान मूलक स्वदेशी (इन्डिजिनियस) चित्रकलाहरू
स्वदेशी (इन्डिजिनियस) मानिसहरूको र उनिहरूलाई प्रतिनिधित्व गर्ने अतुलनीय कला

आदिवासी
अष्ट्रेलियाका आदिवासी र/वा टोरस स्ट्राट आइल्याण्डर जनताहरू

भूमि खण्ड
एउटा जमिनको भाग

माईलस्टोन
इतिहासको एउटा महत्वपूर्ण घटना

आदिवासी अधिकार
आदिवासी तथा टोरेस स्ट्रेट आइल्याण्डरहरूसँग भएको जमिन, पानी माथिको परम्परागत अधिकार । यो अधिकार कानुनले नै दिएको छ ।

मौखिक इतिहास
विगतमा के भएको थियो भन्ने बारेमा मानिसहरूको मौखिक सम्झनाहरू ।

अग्रामी
सबभन्दा पहिला बस्ती बसाल्न आउनेहरू औपनिवेशिक बस्ती बसाउँन सफल मानिसहरू

राजनीतिक प्रतिनिधित्व
राजनीतिक प्रतिनिधित्व संसदमा राजनीतिज्ञहरूद्वारा प्रतिनिधित्व गरिएका

सजायँ
न्यायधीसले दिएको सजाय । दोषीलाई जेल सजाय तोक्ने जस्ता काम

तोकिएको तलब
रोजगारदाताले उनिहरूको कामदारलाई न्यूनतम कति दिनै पर्दछ भनि निर्णय गर्न

सामाजिक सुधार
समाजमा क्रमिक रूपले सुधार गर्ने काम

राजकीय दाहासंस्कार
देशको लागि महत्वपूर्ण योगदान गर्ने नागरिकको सम्मानमा सरकारद्वारा आयोजित दाहासंकार

किल्ला
काठ र अड्याउने किलाद्वारा तयार पारिएको सुरक्षा घेरा

गोठाला
बस्तुभाउको हेरबिचारको लागि रोजगारी दिएका मानिसहरू

हडताल
जब कामदारहरू कामगर्न रोक्दछन्, उदाहरणको लागि, रोजगारदाताहरूको निर्णयको विरूद्ध प्रदर्शन

मताधिकार
सार्वजनिक चुनावमा भोट दिने अधिकार

शपथग्रहण लिने
सार्वजनिक पदमा स्वीकारका लागि गरिने औपचारिक समारोह

जीवनका यात्रा
सामाजिक तह वा पृष्ठभूमि, नोकरी, पद

# थप जानकारीको लागि

## अष्ट्रेलियन नागरिकता

कसरी अष्ट्रेलियन नागरिक हुने भन्ने बारेमा थप जानकारी हासिल गर्न परेमा www.citizenship.gov.au हेर्नुहोस् ।

## अष्ट्रेलिया

तपाईंले अष्ट्रेलियाको बारेमा थप जानकारी लिन चाहेमा स्थानीय पुस्तकालयमा लिन सक्नुहुनेछ। निम्न वेबसाइटमा पनि उपयोगी जानकारी दिइएको छ:

- अष्ट्रेलियाको बारेमा www.australia.gov.au
- संक्षेपमा अष्ट्रेलिया www.dfat.gov.au

## अष्ट्रेलिया सरकारको योजना र सेवाहरू

अष्ट्रेलिया सरकारको योजना र सेवाहरूको बारेमा थप जानकारीको लागि www.australia.gov.au हेर्नुहोस् ।

## संघीय संसद र सिनेटर

तपाईंको क्षेत्र वा ईलाकाको संघीय सांसद सदस्य वा सभासद्हरू संग अष्ट्रेलिया सरकारको योजना र सेवाहरूको बारेमा जानकारीहरू हुन्छ।

संघीय सांसद र सिनेटरहरूको नामावली www.aph.gov.au मा दिइएको छ ।

## अष्ट्रेलियाको सरकारी संगठनहरू

यो श्रोत पुस्तिकामा उल्लिखित अष्ट्रेलियाका सरकारी संगठनहरूसम्बन्धी थप जानकारीको लागि निम्न वेबसाइटमा जानुहोस्:

- अष्ट्रेलियन सुरक्षा शक्ति (Australian Defence Force) www.defence.gov.au
- अष्ट्रेलियन निर्वाचन आयोग (Australian Electoral Commission) www.aec.gov.au
- अष्ट्रेलियन संघीय पुलिस (Australian Federal Police) www.afp.gov.au
- अष्ट्रेलियन मानब आधिकार आयोग (Australian Human Rights Commission) www.humanrights.gov.au
- अष्ट्रेलियन खेलकुद आयोग (Australian Sports Commission) www.sportaus.gov.au
- अष्ट्रेलियन कर कार्यालय (Australian Taxation Office) www.ato.gov.au
- अष्ट्रेलियन युध्द स्मारिका (Australian War Memorial) www.awm.gov.au
- अष्ट्रेलियन राष्ट्र बैंक (Reserve Bank of Australia) www.rba.gov.au

## गैर सरकारी संस्थाहरू

यो श्रोत पुस्तिकामा उल्लिखित अष्ट्रेलियाका गैर-सरकारी संगठनहरूसम्बन्धी थप जानकारीको लागि निम्न वेबसाइटमा जानुहोस्:

- ब्राडम्यान फाउण्डेसन अष्ट्रेलिया (Bradman Foundation Australia) www.bradman.com.au
- हामलिन फिस्टुला www.fistulatrust.org
- रोयल फ्लाईङ्ग डक्टर सर्भिस अफ अष्ट्रेलिया www.flyingdoctor.net
- स्कुल अफ एअर (School of the Air) www.schoolair-p.schools.nsw.edu.au
- स्नोई माउन्टेन हाईड्रो-ईलेक्ट्रिक अथोरिटी www.snowyhydro.com.au
- दि फ्रेड होलोस् फाउण्डेसन (The Fred Hollows Foundation) www.hollows.org
- यूनेस्को वर्ल्ड हेरिटेज सेन्टर whc.unesco.org
- संयुक्त राष्ट्र संघ (United Nations) www.un.org
- भिक्टर चाङ्ग कार्डियाक रिसर्च ईस्टीच्युट www.victorchang.edu.au
- भोलन्टरिङ अष्ट्रेलिया (Volunteering Australia) www.volunteeringaustralia.org

## अन्य

निम्न विषयको बारेमा थप जानकारीको लागि निम्न वेबसाइटमा जानुहोस्:

- अष्ट्रेलियाली संविधा (Australian Constitution) www.aph.gov.au
- अष्ट्रेलियन अफ दि ईयर अवार्ड www.australianoftheyear.org.au
- 'तिनिहरूलाई घर ल्याउ' रिपोर्ट www.humanrights.gov.au
- कमनवेल्थ पार्कहरू र रिजर्भहरू www.environment.gov.au/parks/index.html
- साइबर सुरक्षा www.esafety.gov.au
- घरेलु हिंसा वा पारिवारिक हिंसासम्बन्धी सहायता www.respect.gov.au, www.1800respect.org.au, www.dss.gov.au/women/help-is-here-campaign
- पसिद्ध अष्ट्रेलियालीहरू: जीवनको अष्ट्रेलियाली शब्दकोश (The Australian Dictionary of Biography) adb.anu.edu.au
- अष्ट्रेलियाली संसदमा हाल पेस भएका विधेयकहरू www.aph.gov.au
- अष्ट्रेलियाको संसद www.aph.gov.au
- संसदीय शिक्षा कार्यलय www.peo.gov.au
- सार्वजनिक विदाहरू www.australia.gov.au
- नश्लवाद humanrights.gov.au
- आदिवासी र टोरस स्ट्रैट आइल्याण्डरहरू प्रतिको क्षमा याचाना www.australia.gov.au

# आभारी


## निम्न तस्विरहरू कृषि, जल तथा वतावरण विभागले प्रदान गरेको हो:

p50 तास्मानियन वन क्षेत्र

## निम्न तस्विरहरू गृह विभागले प्रदान गरेको हो:

p5 अल्वर्ट हल क्यानबेरामा भएको नागरिकता उत्सव

p5 अष्ट्रेलियन नागरिकताको प्रमाण पत्र

p11 धूम्रपान उत्सव, क्यानबेरा

p34 अष्ट्रेलियाली नगारिता उत्सव क्यानबेरामा उपस्थित परिवार

## देहायका तस्वीरहरू नेशनल आर्काईभ अफ अष्ट्रेलियाको सहयोगद्वारा उपलब्ध गराईएको होः

p51 एन एस डब्लुको भेडाको जग्गामा बालबालिकाहरू - वायुको पाठशाला, तस्वीर सन् 1962मा लिइएको (ref: A1200:L42511)

p60 डिक स्मिथ, नागरिक उड्यन विभागका अध्यक्ष, सन् 1991 (ref: A6135:K23/5/91/1)

p65 एबल तासमानको नयाँ हल्याण्डको नक्शा, सन् 1644 (ref: A1200:L13381)

p68 सन् 1851 को अष्ट्रेलियामा सुनखानी को ऐतिहासिक तस्वीर (ref: A1200:L84868)

p70 अष्ट्रेलियाको आउटब्याक 'अफगानी' ऊट व्यापारीहरू (ref: A6180:25/5/78/62)

p77 सन् 1986 मा सर एडवर्ड 'Weary' डनलप उहाँको कार्यालयमा, (ref: A6180:1/9/86/12)

p78 युरोपेली आप्रवासी अष्ट्रेलिया आउँदै, फ्लामिनियामा चढेका बेत काट्ने इटालियनहरू, 1955 (ref: A12111:1/1955/4/97)

## देहायका तस्वीरहरू नेशनल लाइब्रेरी अफ अष्ट्रेलियाको सहयोगद्वारा उपलब्ध गराईएको होः

p53 1940 मा प्रकाशित, जुडिथ राईटको तस्वीर ; (ref: nla.pic-an29529596)

p65 सन् 1788 जनवरी 27 का दिन सिड्नी कोभमा आईपगेको पहिलो जहाज, जोन अलकोटद्वारा 1888 - देखि 1973 मा श्रृजना गरिएको (ref: nla.pic-an7891482)

p66 क्यारोलाईन चिसहोल्मको तस्वीर, सन् 1804 - 1852 मा थोमस फअरल्याणड द्वारा प्रकाशित (ref: nla.pic-an9193363)

p71 सन् 1890 मा प्रकाशित क्याथरिन हेलेन स्पेन्शको तस्वीर (ref: nla.pic-an14617296)

p74 जोन सिम्पसन कर्कप्याट्रिक र उनको गदा (1892–1915), गालिपोली 1915 (ref: nla.pic-an24601465)

p76 1919 र 1927 को बीचमा छापिएको सर चार्ल्स एडवार्ड किङ्सफोर्ड स्मिथको तस्विर (ref: nla.pic-vn3302805)

p81 नर्दन टरेटोरीमा सन् 1946 वा 1947 मा आर्थर ग्रुमद्वारा प्रकाशित अल्बर्ट नामातजिरा को हेरमानवर्ग मिसनमा अवस्थित तस्वीर (ref% nla.pic-an23165034)

## देहायका तस्वीरहरू iStock को सहयोगद्वारा उपलब्ध गराईएको होः

आबरण Mimosa spring flowers, ©iStockphoto.com/ST-art (ref: 1135566007)

p6 माऊ काङ्गारो र बच्चा, पश्चिमी अष्ट्रेलियाको लकी बेमा, ©iStockphoto.com/NeoPhoto (ref: 1142608453)

p9 ह्रम ताल, भिक्टोरिया, Victoria, ©iStockphoto.com/tsvibrav (ref: 675826394)

p15 अष्ट्रेलियाको कालो मोती, ©iStockphoto.com/Alicat (ref: 173691056)

p17 अष्ट्रेलियाली झण्डा, ©iStockphoto.com/davidf (ref: 471630390)

p19 प्राथमिक विद्यालयमा पढ्ने केटीहरूको बहुजातीय समूह, ©iStockphoto.com/FatCamera (ref: 877714382)

p23 अष्ट्रेलियाली संसद भवन, क्यानबेरा, ©iStockphoto.com/felixR (ref: 157193181)

p33 मान्छेहरूको समूह, ©iStockphoto.com/davidf (ref: 913541808)

p36 ह्यामर र कानुनको तराजु, ©iStockphoto.com/studiocasper (ref: 1004781908)

p37 विविधतायुक्त समूह, ©iStockphoto.com/SolStock (ref: 1203934273)

p39 Green Wattle Creek fire NSW, Australia, डिसेम्बर 2019, ©iStockphoto.com PetarBelobrajdic (ref: 1198579743)

p47 हातले रंगाइएका डिडगरिडोस, ©iStockphoto.com/lore (ref: 185011099)

p48 बोण्डाई बीच, सिड्नी ©iStockphoto.com/Edd Westmacott (ref: 91095176)

p49 सिड्नी अपेरा हाउस, न्यु साउथ वेल्स, ©iStockphoto.com/slowstep (ref: 607986870)

p50 उलुरु काटा ज्युटा राष्ट्रिय निकुञ्ज, नर्दन टेरिटरी, ©iStockphoto.com/bennymarty (ref: 1184425004)

p63 उलुरु, नर्दन टेरिटरी, ©iStockphoto.com/simonbradfield (ref: :539027478)

p64 स्थानिय आप्रवासीहरूको पत्थरको चित्रकला - साराटोङ्गा फिस, ©iStockphoto.com/Alpen Gluehen (ref: 2761924)

p75 अष्ट्रेलियाली यद्ध स्मारकका भित्ताहरू, क्यानबेरा, ©iStockphoto.com/ Matt Palmer (ref: 1125736631)

## देहायका तस्वीरहरू सटरस्टक सहयोगद्वारा उपलब्ध गराईएको होः

p7 होमग्राउन्ड फेस्टिभल, सिड्नीका आदिवासी नर्तक नर्तकीहरू ©shutterstock.com/PomInOz (ref: 345113882)

p21 मतदाता, ©shutterstock.com/Nils Versemann (ref: 446229916)

p31 अष्ट्रेलियाको उच्च अदालत, ©shutterstock.com/Greg Brave (ref: 1051621895)

## अन्य थप तस्वीरहरू निम्न संघ संस्थाहरू र मानिसहरूबाट उपहार दिइएको होः

p24 अष्ट्रेलियाली संविधान ऐनको कमनवेल्थ 1900: सक्कली सार्बजनिक रेकर्डकपी, तस्वीरको संसद भवनको कला संङ्कलन विभाग, संसदीय सेवा, क्यानबेरा, ए सि टि

p40 हर्ड द्विप र म्याकडोनाल्ड द्विपको तस्विर, अष्ट्रेलियाली एन्ट्रार्टिक डिभिजले उपलब्ध गराएको © Commonwealth of Australia, photograph by L. E. Large (ref:1892A2)

p52 ब्राडमान क्रिकेट संग्रहालयद्वारा उपहार दिइएको सर डोनाल्ड ब्राडम्यानको तस्वीर। आफ्नो टेस्ट क्याप लगाइरहेका सर डोनाल्ड ब्राडमान, सन् 1931-32 को अष्ट्रेलियाको खेल दौरान खिचिएको

p54 डा. फिओना वुड AM, National Australia Day Council ले उपलब्ध गराएको तस्विर

p55 फ्रोफेसर फ्रेड होलोसको तस्विर, फ्रेड होलोस फाउन्डेसनले उपलब्ध गराएको र फ्रान्क विओलीले खिचेको तस्विर

p56 डा जेम्स मुइके AM, अष्ट्रेलियन अफ दि ईयर अवार्डले उपलब्ध गराएको तस्विर

p56 डा. मिसेल सिमन्स, National Australia Day Council ले उपलब्ध गराएको तस्विर

p61 ह्यामलिन फस्टुला रिलिफ एण्ड एड फण्डद्वारा उपहार दिइएको क्याथरिन हामील ए सिको तस्वीर

p71 1901 मा लर्ड लामिङटले संघीय दिवसमा भेला भएको भीडलाई सम्बोधन गर्छन्, क्विन्सल्याण्डको राज्य पुस्तकालयले उपलब्ध गराएको र एच.डब्ल्यु मोब्बाइले खिचेको तस्विर (ref: 47417)

p72 इडिथ कोवान, National Museum of Australia ले उपलब्ध गराएको तस्विर

p73 डोरेथा म्याककेलर, State Library of NSW ले उपलब्ध गराएको तस्विर

p76 न्यु साउथ वेल्स राज्यको पुस्तकालयले उपलब्ध गराएको सुप किचेनको तस्विर (मिचेल पुस्तकालय) । नि:शुल्क सुप र पाउरोटीका लागि लाइनमा बसेका स्कुले बालबालिकाहरू, बेलमोर नर्थ पब्लिक स्कुल, NSW, 2 अगस्ट 1934, फोटोग्राफर: साम हुड (ref: H&A 4368)

p77 कोकोडा ट्र्याकमा घाइते भएका सैनिक, अष्ट्रेलियाली युद्ध स्मारकले उपलब्ध गराएको (ref: 014028)

p81 बेर्निटा र गेल मावोसंग अनुमति लिएर पुनः प्रकाशित एड्डी माबोको तस्वीर

p82 भिक्टर चाङ्ग कार्डियाक रिसर्च ईन्टिच्युटद्वारा दिइएको डा भिक्टर चाङ्गको तस्वीर

# टिपोटहरू

